का.जि.प्र.का.द.नं. १००/०५९/६०

४ जेठ २०८२,
आइतबार
18 May, 2025
Sunday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २३, अंक १०५ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# सल्लाहकार र स्वकीयका नाममा राज्यलाई खर्बौंको भार

## महालेखाको सुझाव सुन्दैन सरकार

- प्रदेश र संघीय संरचनाका पदाधिकारीले राखेका स्वकीय तथा सल्लाहाकारहरू करिव १ हजार
- प्रतिनिधिसभा र राष्ट्रियसभाका ३३४ सांसदहरूले राख्न पाउने स्वकीय ३३४ जना
- गैरकानुनीरूपमा नियुक्ति दिई अन्य सरकारी निकायबाट सेवा/सुविधा उपलब्ध गराउने सयौं स्वकीय/सल्लाहाकार

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ३ जेठ

स्थानीय, प्रदेश र संघीय सरकारअन्तर्गत विभिन्न पदाधिकारीबाट गैरकानुनीरूपमा नियुक्ति हुने स्वकीय सचिव, सल्लाहकार र सचिवालयका नाममा मुलुकले खर्बौंको बोझ खेप्दै आएको छ । संविधानले नचिनेको तर राष्ट्रपतिदेखि स्थानीय तहसम्म समेतले मनमौजी नियम बनाएर राखिएका सल्लाहाकारका नाममा खर्बौंको बोझ राज्यमाथि परेको हो ।

स्थानीय सरकारका प्रमुख र कतिपय वडा अध्यक्षहरूले समेत सल्लाहकार र विज्ञका नाममा करोडौं रकम खर्च गरिरहेका छन् । महालेखा परीक्षकको कार्यालयले १५२ स्थानीय तहले सल्लाहकार तथा स्वकीय सचिव राखेर ८ करोड १२ लाख ३८ हजार रूपैयाँ बराबरको पारिश्रमिक भुक्तानी गरेको भन्दै उक्त भुक्तानीलाई बेरूजु देखाएको हालै सार्वजनिक प्रतिवेदनमा उल्लेख छ । प्रदेश सभाद्वारा जारी स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधासम्बन्धी ऐनमा स्वकीय सचिव र सल्लाहकार राखेर पारिश्रमिक दिने व्यवस्था नभए पनि आर्थिक वर्ष २०८०/८१ मा सल्लाहकार र स्वकीय सचिवले दिइएको भन्दै महालेखाले प्रश्न उठाएको हो ।

**सल्लाहकारका नाममा विचौलियाको प्रवेश**

त्यस्तै प्रदेश सांसद, मन्त्री, मुख्यमन्त्री, प्रदेश प्रमुख, प्रदेश सभामुख उपसभामुख, संघीय सांसद, मन्त्री, सभामुख, उपसभामुख, राष्ट्रियसभा, प्रधानमन्त्री,उपप्रधानमन्त्री, उपराष्ट्रपति र राष्ट्रपतिको कार्यालयमा हजार भन्दा बढी सल्लाहाकार र स्वकीय सचिवहरू राखिएको छ । नियम बनाएर राखिएका बाहेक गैरकानुनीरूपमा राज्यका कुनै न कुनै निकायबाट सेवा सुविधा उपलब्ध गराउने गरी प्रेस सल्लाहाकार, जनसम्पर्क सल्लाहकार, सचिवालय र विज्ञका नाममा राखिएका सयौं व्यक्तिहरूबाट राज्यले आर्थिक भार खेप्नु परेको छ । पछिल्लो समय यो विषयले संसद नै तातेको छ । आगामी आर्थिक वर्षको बजेटको पूर्वसन्ध्यामा मुलुकको पृष्ठ २ मा

### कति छन् सल्लाहकार र स्वकीय सचिव ?

प्रदेश सरकार अन्तर्गत कोशीमा ८, मधेशमा १३ , बागमतीमा १०, गण्डकीमा ६, लुम्बिनीमा ८, कर्णालीमा ६ र सुदुरपश्चिममा ८ गरी मुख्यमन्त्री बाहेक प्रदेशहरूमा ५९ जना मन्त्री तथा राज्यमन्त्री छन् । उनीहरूले कानुन नै बनाएर ४ सय १३ सल्लाहाकार तथा स्वकीय सचिव राखेका छन् । यी बाहेक कानुनी विपरित प्रेस सल्लाहाकार, जनसम्पर्क विज्ञका नाममा नियुक्त गरिएका सयौं व्यक्तिहरूलाई प्रदेश सरकारले कुनै न कुनै सरकारी निकाय वा परियोजनाबाट सेवा सुविधा दिलाउने व्यवस्था गर्दै आएका छन् । प्रत्येक प्रदेश प्रमुखले १३ जना सल्लाहकार सदस्य र १२ जनाको सचिवालय गरी ७ प्रदेशमा पृष्ठ २ मा


नसर्ने रोगबाट बच्ने उपाय ।

- धूमपान र मद्यपान नगरौं,
- दैनिक शारीरिक व्यायाम गरौं,
- मानसिक तनावबाट मुक्त रहौं,
- अस्वस्थकर खानपान र जीवनशैली नअपनाऔं,
- स्वस्थकर र सन्तुलित भोजन गरौं,
- नियमित स्वास्थ्य जाँच गरौं,

समयमै नसर्ने रोगको जाँच गराऔं
स्वस्थ र दीर्घ जीवन बाँचौ ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# व्यवस्थित हुँदै राइडिङ शेयरिङ

## गण्डकीले कानुन बनायो, केन्द्र अझै अन्योलमा



"गत वर्ष सर्वोच्च अदालतबाट भएको फैसलाको पालना गर्दै प्रदेश सरकारले नियमावली ल्याएको हो

**प्रकाशबहादुर केसी**
**मन्त्री, भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था, गण्डकी**

**निमिष झा/मध्यान्ह**
काठमाडौं, ३ जेठ

१३ असार २०८१ म सर्वोच्च अदालतले राइडिङ शेयरसम्बन्धी कानुन बनाउनु सरकारका नाममा आदेश दियो । त्यसको ६ महिनापछि १६ पुस २०८१मा राइडिङ शेयर गर्ने अभ्यास र व्यवसायलाई कानुनी मापदण्डमा ल्याउन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गर्‍यो ।

राइडिङ शेयर एप सञ्चालन गरिरहेको पठाओ नेपालको दर्ता खारेज हुनुपर्छ भनी दायर भएको मुद्दामा व्याख्या गर्दै सर्वोच्च अदालतले राइडिङ शेयर गर्ने अभ्यासलाई कानुनी रूपमा व्यवस्थित र नियमन गर्न सरकारका नाममा आदेश दिएको झण्डै ११ महिना पृष्ठ २ मा

### गण्डकीको सफलता

निकै विरोधका बाबजुद गण्डकी सरकारले राइड शेअरिङका विषयमा नेपालमै पहिलो पटक कानुनी व्यवस्था गरेको छ । गण्डकी सरकारको यो निर्णय राइडर्स र परम्परागत रूपमा सार्वजनिक सवारी सञ्चालन गर्ने दुवैका लागि 'जितको विषय' भएको बताइन्छ ।

'गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२' नाम दिइएको सो कानुनलाई प्रदेश मन्त्रिपरिषद्ले पारित गर्दै १ जेठमा प्रदेश राजपत्रमा प्रकाशित गरेको छ ।

गण्डकी प्रदेश राइड शेअरिङ कार्यविधि अध्ययन तथा प्राविधिक समितिमा सदस्य रहेका एक राइडर अझै कतिपय विषयमा आफूहरूको विमति रहे तापनि कानुन बन्नु आफैमा ठूलो सफलता भएको बताउँछन् ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले सर्वोच्च अदालतले यस विषयमा गरेको आदेशको आडमा यो कानुन निर्माण गरिएको जनाएको छ ।

यसअघि सार्वजनिक सवारीले जसरी राइडर्सहरूले जाँच पास, अनुमति र सुरक्षा सुनिश्चितता कायम गर्न नसक्ने भन्दै यातायात व्यवसायीहरू त्यसको विरोधमा उत्रिएका थिए ।

आर्थिक मामिला मन्त्री एवं सरकारका प्रवक्ता डा. टकराज गुरुङले नियमावली बनेपछि राइड सेयरिङ र भाडामा लिइने गाडी (सेल्फ राइड) सञ्चालन, दर्ता, नवीकरण पृष्ठ २ मा




# २८ वर्षमा ३० बढी हिमताल विस्फोट

सरकारी तथ्यांकअनुसार नेपालमा ३ हजार ८०० भन्दा बढी हिमनदी र २ हजार ३०० भन्दा बढी हिमताल छन् । यीमध्ये धेरै हिमताल जोखिममा छन्



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३ जेठ

सरकारी तथ्यांकअनुसार नेपालमा ३ हजार ८०० भन्दा बढी हिमनदी र २ हजार ३०० भन्दा बढी हिमताल छन् । यीमध्ये धेरै हिमताल जोखिममा छन् ।

२०८१ भदौमा सोलुखुम्बूको थामेमा हिमताल विस्फोट हुँदा सयौं मानिस विस्थापित भएका थिए । त्यस्तो समस्या फेरि आउन सक्ने भनेर सरकारी र गैरसरकारी दुवै क्षेत्रबाट अध्ययन भएका छन्, जसले धेरै हिमताल जोखिममा रहेका देखाएको हो ।

अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड) र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी)ले गरेको अध्ययनअनुसार नेपालका प्रमुख ३ वटा नदी जलाधार क्षेत्रका ४७ वटा हिमताल सम्भावित विस्फोटको जोखिममा छन् ।

नेपालको कोशी, गण्डकी र कर्णाली नदी जलाधार क्षेत्रमा रहेका हिमताल र त्यसको जोखिमबारे गरेको अनुसन्धान प्रतिवेदनले विस्फोटको जोखिम औंल्याएको हो ।

हिमताल विस्फोट हुनुको प्रमुख कारण उच्च हिमाली क्षेत्रमा भइरहेको तापक्रम वृद्धि र हिउँ पग्लिने क्रम रहेको अध्ययनले देखाएको छ । जलवायु विज्ञहरूका अनुसार जलवायु परिवर्तनको असरले पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# नयाँ कम्पनीमा जाँदापनि विभागले पुनः श्रम स्वीकृति दिएकोमा व्यवसायीको आपत्ति

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३ जेठ

विदामा घर आएका कामदारलाई पहिलेको भन्दा फरक नयाँ कम्पनीमा जाँदापनि वैदेशिक रोजगार विभागले पुनः श्रम स्वीकृतिको सुविधा दिएकोमा वैदेशिक रोजगार व्यवसायीहरूले आपत्ति जनाएका छन् । यसले खासगरी युरोपेली श्रम बजारलाई असुरक्षित बनाएको उनीहरूको तर्क छ ।

२ हप्ता अघि विभागको नेतृत्व गर्दै जिम्मेवारीमा आएका महानिर्देशक कमलप्रसाद भट्टराईलाई नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित वैदेशिक रोजगार व्यवसायीका आधा दर्जनभन्दा बढी संस्थाले विभागमा भेटेर बधाई तथा कार्यकाल सफलताको शुभकामना दिए ।

बधाई तथा शुभकामनाका सबैजसो कार्यक्रममा खासगरी युरोपेली मुलुकमा पहिलेको भन्दा फरक नयाँ कम्पनी जाँदापनि वैदेशिक रोजगार विभागले पुनः श्रम स्वीकृतिको सुविधा दिएकोमा विरोध जनाए । ती देशमा रहेका नेपाली कुटनीतिक नियोगहरूले मागपत्र प्रमाणीकरण नगर्दा म्यानपावर कम्पनीहरूले संस्थागत रूपमा पठाउन पाएका छैनन् ।

पछिल्लो पटक शुक्रबार नवनियुक्त महानिर्देशक भट्टराईलाई बधाई तथा शुभकामना दिएको एकीकृत वैदेशिक रोजगार व्यवसायी संस्थाका सचिव अनिल बोगटीले पहिलेको भन्दा फरक र नयाँ कम्पनीमा जाँदापनि वैदेशिक रोजगार विभागले पुनः श्रम स्वीकृति दिने काम वैदेशिक रोजगार ऐन विपरीत भएको र उक्त काम विभागबाट कसरी भइरहेको छ भनेर चलखेलको आशंकासहितको प्रश्न उठाए ।

व्यवसायीहरूले आफूहरूलाई २ करोडदेखि ६ करोड रुपैयाँ धरौटी बैंक ग्यारेन्टी राखेर ईजाजत दिने पृष्ठ २ मा

### विपीन जोशीको अवस्था र स्वदेश फिर्तीका लागि थप पहल गरिदिन आग्रह

काठमाडौं/मस- परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले कतारको विदेश मन्त्रालयका जलवायु परिवर्तन तथा दिगोपनसम्बन्धी विशेष दूतसँग विपीन जोशीको अवस्था र स्वदेश फिर्तीका लागि थप पहलका लागि आग्रह गरेकी छन् ।

सगरमाथा संवादमा सहभागिताका लागि काठमाडौं आएका कतारको विदेश मन्त्रालयका विशेष दूत बदर उमर इस्माइल अल दफासँग शुक्रबार भएको भेटका क्रममा मन्त्री डा. राणाले सो आग्रह गरेकी हुन् । परराष्ट्रमन्त्री पृष्ठ २ मा


Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicants.

- PR Officer-10 (Male/Female)
  +2 passed with 2 years experience in related field
- Officer Manager-2 (Male/Female)
  Bachelor passed with 3 years experience in related field
- IT Officer-1 (Male/Female)
  Bachelor passed in Information Technology & 2 years experience in related field

Salary Negotiable

Empire International Pvt. Ltd.
Shantinagar, Kathmandu, Nepal
Phone No: 01-4621348, 4620715, 9802392340, 9802392341
E-mail: jobs@empirenepal.com
Lic. No. 695/063/064

# छेपेटारमा भेटियो सत्रौं शताब्दीको भग्नावशेष



**गोरखा/मस**–गोरखाको गोरखा नगरपालिका-१० छेपेटारमा सत्रौं शताब्दीको भग्नावशेष भेटिएको छ। पुरातत्व विभागका अधिकृत नवराज अधिकारी नेतृत्वको टोलीले नौ दिन लगाएर गरेको उत्खननबाट यहाँ भेटिएका भग्नावशेष सत्रौंदेखि अठारौं शताब्दीका मन्दिर हुनसक्ने अनुमान गरिएको हो।

छेपेटारको महादेवस्थान संरक्षण तथा विकास समितिद्वारा गत वर्ष सो क्षेत्रमा लट्टेश्वर महादेव मन्दिर पुनर्निर्माण गर्ने क्रममा पुरातात्विक संरचनाको भग्नावशेष फेला परेको थियो।

काम रोकेर समितिले पुरातत्व विभागलाई खबर गरेको थियो। त्यसको करिब एक वर्षपछि विभागको टोलीले स्थलगत अध्ययन थालेको हो। अहिले भग्नावशेषको ७० प्रतिशत मात्र उत्खनन भएको विभागले जनाएको छ।

यसपटक समयसीमा र प्राविधिक कारण उत्खनन पूरा हुन नसकेको उनले बताए। सो स्थानमा २०३४ सालमा राममन्दिर बनाउँदा पनि केही भग्नावशेष नष्ट भएका थिए।

उनका अनुसार भेटिएको गारो ७० सेन्टिमिटर चौडाइको छ। विस्तृत अध्ययनका लागि दक्षिण-पूर्वतर्फ रहेको राममन्दिरतर्फको भाग पनि उत्खनन गर्नुपर्ने अधिकारीले जानकारी दिए। हाल अध्ययन भएको क्षेत्रलाई प्लास्टिकले ढाकेर माथिबाट माटोले संरक्षण गरिने उनले जानकारी दिए।

## सल्लाहकार...

सुशासनका बारेमा बिहीबार संसदमा भएको छलफलमा राज्य व्यवस्था तथा सुशासन समितिका सभापति रामहरि खतिवडाले सल्लाहकारहरूका नाममा विचौलियाहरूको प्रवेश भएको टिप्पणी गरे। सल्लाहकार राख्ने नाममा राज्यको अर्बौं खर्च भइराखेको उल्लेख गर्दै उनले भने 'यसरी सल्लाहकार राख्ने नाममा एकातिर देशले आर्थिक अवस्था थेग्न नसक्ने छ भने अर्कोतिर सल्लाहकारको नाममा विचौलिया हाबी हुँदा अर्बौं रुपैया खेर जाने परम्पराको विकास भएको छ।' प्रधानमन्त्रीको सल्लाहकार मन्त्रिपरिषद् आफै हुन्छ। परराष्ट्रमन्त्री आफैं सल्लाहाकार हुने हुँदा प्रधानमन्त्रीदेखि मन्त्रीलाई धेरै सल्लाहाकार नचाहिने व्यवस्था मिलाउनु पर्ने उनले बताए।

प्रधानमन्त्रीको प्रमुख राजनीतिक सल्लाहकार, कानुन विज्ञ सल्लाहकार, जल तथा वातावरण विज्ञ सल्लाहकार, अन्तर्राष्ट्रिय सम्बन्ध विज्ञ सल्लाहकार, सञ्चार विज्ञ सल्लाहकार, मुख्य सल्लाहकार, आर्थिक विज्ञ सल्लाहकार, जन सम्पर्क सल्लाहकार, प्रेस सल्लाहाकार, मानव अधिकार तथा संक्रमणकालीन न्यायसम्बन्धी सल्लाहकार, सूचना प्रविधि विज्ञ सल्लाहाकर रहेको भन्दै ती सल्लाहकारबाट विचौलिया हाबी भएको टिपपणी उनको थियो।

'संविधानले नचिनेको तर विचौलियाले चिनेका सल्लाहकार राख्ने व्यवस्थाले उनीहरूको सल्लाह सही नहुने अवस्था छ' खतिवडाले भने। त्यस्तै उनले स्थानीय तहदेखि प्रदेश सरकार र संघीय सरकारका मन्त्रीहरूले राख्ने सल्लाहाकार तथा स्वकीयका सम्बन्धमासमेत संसदमा प्रश्न उठाएका छन्। प्रदेश र स्थानीय तहमा समेत यस्तो प्रवृति रहेको उनको भनाइ छ। स्थानीय तहका प्रमुख र वडा अध्यक्षले समेत सल्लाहाकार राख्ने प्रवृति रहेकाले यसलाई व्यवस्थित गर्नुपर्नेमा खतिवडाले जोड दिए।

कानुनले नचिन्ने सल्लाहकार

स्थानीय, प्रदेश र संघीय सरकार अर्न्तगतका पदाधिकारीहरूले यातायात सुविधा, बैठक भत्ता, चाडपर्व खर्च, पोशाक भत्तालगायतका नाममा वर्षेनी करोडौं रकम खर्च हुने गरेकाले त्यसलाई रोक्न महालेखा परीक्षकको कार्यालयले प्रत्येक वर्ष टिप्पणी लेख्दै आएपनि त्यसमा कमी हुन सकेको छैन्। प्रदेश र संघका सांसद र मन्त्रीहरूले कतिपय सल्लाहाकारहरू सरकारले बनाएको नीति अनुसार राखेका छन् भने केही व्यक्तिहरू मनमैजी राखेर राज्यका विभिन्न संयन्त्रबाट सेवा सुविधा दिलाउने काम गरेका छन्। यसबाट मुलुकले खर्बौं आर्थिक बोध बढेको विज्ञहरू बताउँछन। मन्त्रीहरूले प्रेस सल्लाहाकार राख्ने व्यवस्था कानुनीरूपमा छैन।

तर, उनीहरूले विभिन्न विज्ञ वा कम्प्युटर प्राविधिकका नाममा अप्रविधिक व्यक्तिहरूलाई गैर कानुनीरूपमा करारमा नियुक्ति दिने र मन्त्रीका भाषण लेख्न लगाएर तलब सुविधा दिने गरेका छन्। कतिपय मन्त्रीले भाषण टाईप गर्न लगाएर पारिश्रमिक नदिने गरेको समेग गुनासो गर्दै आएका छन्।

महालेखा परीक्षकको प्रतिवेदन, अख्तियारको सुझाव र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको परिपत्र हुँदा समेत स्थानीय तहले त्यस्ता गैरकानुनी नियुक्तिलाई कम गरेको छैन भने प्रदेश र संघीय सरकारमा सल्लाहकारको चरम दुरुपयोग भइरहेको छ। उनीहरू मन्त्रालयमा बसेर विचौलियाको काम गर्ने, कर्मचारी संयन्त्रलाई प्रभाव पारेर विभिन्न परियोजनाबाट सेटिङमा कामहरू गर्ने, मन्त्रीका भाषण उतार गर्ने, विचौलियालाई सम्पर्क गराईदिने र तलव भत्ता बुझ्ने गर्दै आएका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले समेत अनुत्पादक र आफू अनुकूलका व्यक्तिलाई अनावश्यक सरकारी स्रोतसाधनको अपव्यय हुने गरी, प्रेस सल्लाहकार, स्वकीय सचिव, कानुनी सल्लाहकार, प्राविधिक तथा प्रशासनिक सल्लाहकार नियुक्त नगर्न आग्रह गर्दै आएको छ।

## कति...

१७५ जना राखेका छन्। त्यस्तै मुख्यमन्त्रीले प्रमुख राजनीतिक सल्लाहकार, जनसम्पर्क सल्लाहाकार, स्वकीय सचिव, अधिकृत विज्ञ, प्रेस विज्ञ, कम्प्युटर अपरेटर, फोटोग्राफर र कार्यालय सहयोगी सहित १७ जना राख्न पाउने व्यवस्था छ।

७ प्रदेशको मुख्यमन्त्रीमा १ सय १९ जना सल्लाहाकार र सहयोगीहरू छन्। प्रदेश सभामुख र उपसभामुखको ४/४ जना सल्लहाकर तथा सचिवालयको व्यवस्था छ। ७ प्रदेशमा उनीहरूले ५६ जना सल्लाहकार तथा स्वकीय सचिव पाउने व्यवस्था छ। तर ती बाहेक पनि विभिन्न विज्ञका नाममा आफ्ना मान्छे भर्ती गरेर राज्यका कुनै न कुनै निकायबाट रकमको व्यवस्था गर्ने गरेको पाइएको छ।

संघीय सरकार अर्न्तगत प्रधानमन्त्रीको विज्ञ सल्लाहकार ४६ जना र सचिवायल ४५ गरी ९१ जना छन्। त्यस्तै २२ संघीय मन्त्रीहरू तथा २ राज्यमन्त्री गरी २४ मन्त्रीका सल्लाहकार स्वकीय सचिव, सचिवालय र विभिन्न विज्ञका नाममा १६८ नियुक्ति गर्न पाउने व्यवस्था छ।

उपसभामुखले ६, राष्ट्रियसभा उपाध्यक्षले ६ जना, सभामुख र राष्ट्रियसभा अध्यक्षको ८/८ जना गरी २८ जना सल्लाहाकार तथा सचिवालयमा राखेका छन्। राष्ट्रपतिको विज्ञ सल्लाहकार ७ र नीजि सचिवालयमा १९ जना गरी २६ जना छन् भने उपराष्ट्रपतिको १३ जना विभिन्न सल्लाहकार तथा विज्ञ छन्। यसरी हेर्दा प्रदेश र संघीय सरकारका मन्त्रीदेखि प्रधानमन्त्री र राष्ट्रपति सम्मको सचिवालय र विभिन्न सल्लाहकार गरी ९ सय ९८ जना व्यक्तिहरू लिखित नीति बनाएर राखिएको छ। त्यस्तै ३ सय ३४ सांसदनहरूले ३३४ जान स्वकीय सचिव राख्न पाउने व्यवस्था छ। त्यसबाहेक पनि सयौं मानिसहरू गैरकानुनीरूपमा राखेर राज्यलाई अरबौंको बोझ थपिएको छ। पदाधिकारीले नीति बनाएर राख्नै पर्ने बाहेक गैरकानुनीरूपमा राखेका यी पदहरू संविधानमा व्यवस्था गरिएको छैन्।

## व्यवस्थित...

हुन लागेको छ। तर सहज आवागमनका लागि आमनागरिकबीच लोकप्रिय भइसक्दा पनि राज्यले राइड सेअरीङ सेवालाई नियमन गर्न सकेको छैन।

## गण्डकीको...

र जरिवानाको व्यवस्था भएको छ। नियमावली जारी भएको ३० दिनभित्र दुवै प्रकारका सेवा प्रदायक यातायात कार्यालयमा दर्ता हुनुपर्नेछ। दर्ता नगरी सेवा सञ्चालन गरेमा १ लाख रुपैयाँ जरिवाना तोकिएको छ।

राइड सेयरिङ र सेल्फ राइड सञ्चालन गर्ने संस्थाले २ पाङ्गे सवारीको अनुमति लिन २५ हजार, नवीकरणबापत वार्षिक १२ हजार ५ सय, ४ पाङ्गेको अनुमति लिन ५० हजार, नवीकरणबापत वार्षिक २५ हजार, २ पाङ्गे र ४ पाङ्गे सवारीको अनुमति लिन ७० हजार र नवीकरणबापत वार्षिक ३५ हजार रुपैयाँ तिनुपर्ने व्यवस्था नियमावलीले गरेको छ।

राइड सेयरिङ र भाडामा सञ्चालन हुने सवारीले सेवाग्राहीसँग लिन पाउने शुल्क सरकारले पछि निर्धारण गर्ने प्रवक्ता गुरुङले बताए।

नियमावलीले राइड सेयरिङमा दर्ता भएका सवारी २० किलोमिटरभन्दा टाढा जान नपाउने र चालकले १२ घण्टाभन्दा बढी सवारी चलाउन नपाउने व्यवस्था छ। १० वर्षभन्दा मुनि र ८० वर्षमाथिकालाई यात्रु बनाउन नपाइने, लाइसेन्स लिएको १ वर्ष पूरा भएकामात्र राइड सेयरिङमा दर्ता हुन योग्य हुने व्यवस्था छ। सेवा प्रदान गर्ने कम्पनी वा संस्थाले प्रत्येक सवारीको हकमा प्रदेश सभाबाट पारित ऐनमा व्यवस्था भएअनुसार सवारी बीमा, चालक तथा यात्री बीमा र तेस्रो पक्षको बीमा हुनुपर्ने व्यवस्था उल्लेख छ।

राइड सेयरिङलाई व्यवस्थित बनाउन गत वर्ष सर्वोच्च अदालतबाट भएको फैसलाको पालना गर्दै नियमावली ल्याइएको गण्डकीका भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्री प्रकाशबहादुर केसीले बताए। अहिले सञ्चालन भइरहेको राइड सेयरिङ व्यवस्थित हुने र प्रभावकारी कार्यान्वयनका लागि ट्राफिक प्रहरीसँग समन्वय गरिने उनले बताए।

**केन्द्र अझै अन्योलमा**

गण्डकीले 'गण्डकी प्रदेश राइड सेयरिङ (नियमन र व्यवस्थापन) नियमावली, २०८२' राजपत्रमा प्रकाशित गरिसकेकाले अब यो कानुन कार्यान्वयनमा आइसकेको अधिकारीहरूको भनाइ छ।

नेपाल सरकारले यसअघि नै राइड सेयरिङ सेवालाई औद्योगिक व्यवसाय ऐन, २०७६ मा 'सेवामूलक उद्योग'को सूचीमा राखेको कुरा राजपत्रमा प्रकाशित गरेको थियो।

कानुनमा व्यवस्था नभएको भन्ने नाममा राइड सेयरिङ व्यवसायलाई नकार्नुको साटो थप व्यवस्थित गर्नुपर्ने भन्दै सर्वोच्च अदालतले आदेश दिएपछि केन्द्र सरकारले यस विषयमा अहिलेसम्म पहल गरेको छैन।

१८ माघ, २०८० मा सरकारले राजपत्रमा प्रकाशित गरेको सूचनामा राइड सेयरिङ सेवालाई सेवामूलक उद्योगको रूपमा स्विकार गरेर वर्गीकरण समेत गरेको थियो।

कैयौ विकसित मुलुकहरुमा पनि राइड सेयरिङ गर्ने अभ्यासहरु शुरु भइसकेको छ। कतिपय मुलुकमा त्यसको कानुनी प्रबन्ध समेत भएको छ।

उद्योग विभागले संघीय सवारी तथा यातायात व्यवस्था ऐनको मस्यौदा तयार पारिरको जनाएपछि अहिलेसम्म पूर्ण भएको छ। सरकारले सार्वजनिक बस र ट्याक्सीहरूलाई दूरीका आधारमा भाडा तोक्ने गरेको भए तापनि राइड सेयरिङ सेवालाई छुट्टै भाडा तोकेको छैन।

नेपालमा धेरै चलेका इन्ड्राइभ र पठाओ लगायतका एपहरूबीचको उच्च प्रतिस्पर्धाका कारण प्रयोगकर्ताहरूले सामान्य भाडामै यात्रा गरिरहेका पाइन्छन्।

तर त्यसले ट्याक्सी तथा अन्य सार्वजनिक यातायात सञ्चालकहरूबीच बेलाबेला विवाद निम्त्याउने गरेको छ।

यातायात व्यवस्था विभागका अधिकारीहरूले समेत यसअघि नै सार्वजनिक यातायात सहज नभइरहेका बेला नागरिकहरूले पाइरहेको सेवासुविधालाई अन्यथा लिन नहुने भनेर आफूहरू स्पष्ट रहेको बताउँछन्।

तर मुख्य रूपमा संघीय कानुन अभावका कारण बेलाबखत त्यस्ता राइड सञ्चालकहरूमाथि वैधानिकताको प्रश्न उठाइने गरेको पाइन्छ।

सवारी तथा यातायात व्यवस्था ऐन-२०४९ मा यातायात सेवाको नाम यातायात व्यवस्था विभागमा दर्ता नगरीकन सार्वजनिक सेवामा प्रयोग गर्न नपाइने व्यवस्था छ। सोही कानुनमा एक प्रयोजनका लागि दर्ता भएका सवारीसाधन अर्को प्रयोजनमा प्रयोग गर्न नपाइने उल्लेख छ।

प्रादेशिक कानुन निर्माणका लागि प्रदेशहरू अधिकारसम्पन्न भए पनि अन्तरप्रदेश सेवाका हकमा संघीय कानुन नै आवश्यक पर्ने अधिकारीहरूको भनाइ छ।

हाल २ दर्जनभन्दा बढी राइड सेयरिङ सेवाहरू कम्पनी रजिस्ट्रारको कार्यालय र उद्योग विभागजस्ता निकायमा दर्ता भएर सञ्चालन भइरहेका छन्।

बागमती प्रदेशको सवारी तथा यातायात व्यवस्था ऐन-२०७८ मा राइड सेयरिङ सेवा अनुकूलको व्यवस्था रहे तापनि गण्डकी प्रदेशमा भने नियमावली बनेको छ।

## २८ वर्षमा...

तापक्रम बढ्दा हिउँ पग्लिने क्रम बढेको हो। यसले हिमतालमा पानीको सतह बढ्दै छ। हिमतालले पानीको चाप धान्न नसक्दा विष्फोट हुन्छ। सोलुखुम्बूको थामेमा हिमताल विस्फोट हुनुको कारण पनि यही रहेको अध्ययनले देखाएको छ।

नेपालमा सन् १९९७ देखि हिमताल विस्फोट भएका घटना अभिलिखित छन्। अनुसन्धानकर्ताहरूका दाबीअनुसार सन् १९९७ यताका २८ वर्षमा ३० भन्दा बढी हिमताल विस्फोट भएका छन्।

तापक्रम वृद्धिमा कमी ल्याउन नसके हिमालमा हिउँ अड्याउन नसकिने चेतावनी अध्ययनहरूले दिएका छन्।

अनुसन्धानकर्ताहरूको दाबीअनुसार सन् २००० देखि २००९ को १० वर्षको तुलनामा सन् २०१० देखि २०१९ सम्म १० वर्षमा ६५ प्रतिशत छिटो हिउँ पग्लिएको छ। यो क्रम जारी छ।

सरकारले पनि जलवायु परिवर्तनको सबैभन्दा धेरै असर हिमालमा परेको भनेर अन्तर्राष्ट्रिय समुदायलाई गुहारिरहेको छ। विदेशबाट शीर्ष प्रतिनिधिमण्डल नबोलाएर नआउने भएका होइनन्। नेपालले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी, चिनियाँ प्रधानमन्त्री ली छ्याङ, संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेस तथा विभिन्न देशका सरकार प्रमुख/राष्ट्र प्रमुखलाई निमन्त्रणा गरेको थियो। तर, कुनै पनि देशबाट राष्ट्र प्रमुख वा सरकार प्रमुखको स्तरबाट सहभागी नहुने भएका हुन्।

जसलाई सुनाउन खोजिएको हो, जुन विषयलाई अन्तराष्ट्रियकरण गर्न खोजिएको हो, त्यो कम प्राथमिकतामा परेपछि सगरमाथा संवाद कार्यक्रम आन्तरिक छलफलमा सीमित हुने भएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका अधिकारीहरूका अनुसार नेपालको समस्याको पहिचान र समाधानको विषय चुनौतीपूर्ण छ, जसमाथि सगरमाथा संवाद कार्यक्रममा गहन छलफल हुने छ।

हिमनदीहरूमा पानीको सतह बढ्दा तल्लो तटीय र नदी आसपासका बस्ती नै जोखिममा पर्ने हुन्छ। यस कारण नेपाल जोखिममा रहेको छ।

हिमनदी पग्लने क्रम नरोकिए तल्लो तटीय क्षेत्रमा स्वच्छ पिउने पानीको संकट निम्तिन सक्छ। जलविद्युत् र कृषि प्रयोजनमा प्रत्यक्ष असर पर्ने देखिन्छ। यसले पानीको स्रोतमै समस्या पार्न सक्छ।

नेपाल जस्ता हिमाल भएका मुलुकले पहल गरेर अन्तर्राष्ट्रिय समुदाय समक्ष हिमाल संरक्षणमा दर्बिलो आवाज उठाउन सके पानीको संकट निम्तने जोखिम कम हुने विज्ञहरू बताउँछन्।

## नयाँ...

तर विभागले पहिलेको भन्दा फरक र नयाँ कम्पनी जाँदापनि पुनः श्रम स्वीकृतिको सुविधा दिने हो भने वैदेशिक रोजगार क्षेत्रलाई असुरक्षित बनाएको दोष विभागले लिनुपर्ने भनाइ पछिल्लो २ हप्तामा भेटेका व्यवसायीहरूले राखेका छन्। महानिर्देशक भट्टराईले व्यक्तिगत पहलमा रोजगारीमा जाने र सो अनुसार श्रम स्वीकृति लिने विषय स्वभाविक भएपनि फरक कम्पनीका लागि पनि पुनः श्रम स्वीकृति दिएको विषय आफ्ना लागि अध्ययनको विषय भएको भन्दै त्यसलाई गम्भीर रूपमा लिने प्रतिबद्वता व्यक्त गरे।

विभागले पुनः श्रम स्वीकृतिको लागि पासपोर्ट साइजको फोटोको स्क्यान कपी, राहदानीको स्क्यान कपी, सम्बन्धित देशबाट आएको भिसाको स्क्यान कपी, पुरानो श्रम स्वीकृतिको स्क्यान कपी र पुरानो भिसा भए सो को स्क्यान कपी पेश गर्नुपर्ने चेकलिष्ट नै तयार गरेको छ।

त्यतिमात्र नभई पुनः श्रम स्वीकृतिका लागि आवेदन दिन नेपाली अध्यागमन कार्यालयले राहदानीमा लगाएको डिपार्चर र अराइभल स्टाम्प भएको राहदानीको स्क्यान कपी, यसअघि श्रम स्वीकृति लिएको भन्दा फरक काम गर्न जाने भएमा कामदारका लागि रोजगारदाताले उपलब्ध गराएको जब अफर लेटर वा सम्झौतापत्रको स्क्यान कपी पनि आवश्यक पर्ने जनाएको छ। विभागले सम्बन्धित कम्पनी भएमा मात्रै पुनः श्रम स्वीकृति र नयाँ कम्पनी भएको अवस्थामा व्यक्तिगत नयाँ श्रम स्वीकृतीको व्यवस्था गरेको छ।

वैदेशिक रोजगार मागपत्र प्रमाणीकरण सम्बन्धि व्यवस्थाअनुसार नयाँ कम्पनीको मागपत्र नेपाली राजदूतावासले प्रमाणीकरण गरेर वैदेशिक रोजगार विभागको प्रणालीमा अपलोड गर्नुपर्ने प्रावधान छ। त्यसरी विभागमा आएको मागपत्रमा मात्रै विभागले प्रक्रिया पुऱ्याउन लगाएर श्रम स्वीकृति दिने प्रचलन रहेकोमा विभागका कर्मचारीले अख्तियार दुरुपयोग गरेको व्यवसायीहरूको दाबी छ।

करार अवधि सकिएपछि पनि स्वीकृति बेगर, गैरकानुनी तरिकाबाट भिषाको म्याद भन्दा बढी समय लुकीछिपी जाँदा वा बस्दा कानुनी कारवाही हुने, अलपत्र पर्ने, दुर्घटना हुने, सम्झौता बमोजिम काम नपाउने, उद्दार गर्न कठिन हुने र कल्याणकारी कोष, बीमा कम्पनीबाट प्राप्त हुने सेवा सुविधा प्राप्त नहुने भएको भन्दै सरकारले सम्बन्धित मुलुक र विभागबाट पुनः श्रम स्वीकृतिको व्यवस्था गरेको हो।

## विपीन...

डा. राणासँग भएको शिष्टाचार भेटका क्रममा हमासको अपरहणमा परेका वैदेशिक रोजगारीमा इजरायल गएका नेपाली युवक विपीन जोशीको अवस्थाका बारेमा कुराकानी भएको थियो।

मन्त्री डा. राणाले विपीन जोशीको रिहाइ र नेपाल फिर्तीका लागि कतारले गर्दै आएको प्रयासका लागि धन्यवाद ज्ञापन गर्दै यस विषयमा निरन्तर पहल जारी राख्न र जोशीको रिहाइका लागि थप पहल गरिदिन पुनः आग्रह गरिन्। मन्त्री डा. राणाले कतारका विदेशमन्त्री तथा इजरायलसँग हमासको शान्ति वार्ताका प्रमुख मध्यस्थकर्तासँग विपीनको रिहाइका लागि आवश्यक पहल गरिदिन बारम्बार आग्रह गर्दै आएकी छन्।

सन् २०२३ देखि नै हमासद्वारा बन्धक बनाइएका नेपाली विद्यार्थी जोशीको रिहाइ र स्वदेश फिर्ताको लागि सहयोग गर्न मन्त्री डा. राणाले विश्व समुदायसँग आग्रह गर्दै आएकी छन्।

Government of Nepal
Ministry of Water Supply
Department of Water Supply and Sewerage Management
Federal Water Supply and Sewerage Management Project
Birgunj, Parsa

RE- INVITATION FOR BID (IFB)

First Date of Publication: 18th May 2025 ( BS-04/02/2082)

1. Federal Water Supply and Sewerage Management Project, Birgunj, Parsa invites only electronic bids for the following works under National Competitive Biddings. Interested Firms should submit bids through e-procurement portal http://www.bolpatra.gov.np/egp only on or before 2nd June 2025 (BS-19/02/2082) 12:00.

| S. N | IFB NO. | Name of Contract | Cost of Bid Document (NRs.) | Bid Validity Period | Bid Security Amount (NRs.)/Validity Period |
|---|---|---|---|---|---|
| 1 | FWSSMPBIRGUNJ/NCB/ WORKS/04/2081-82 | Construction of Phulbariya Water Supply Project, Bara | 5000.00 | 90 days | 21,90,000.00 / 120 days |

**Note: For more information, please visit www.bolpatra.gov.np/egp**

**Project Chief**

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय
सडक डिभिजन भक्तपुर
कटुन्जे,भक्तपुर

**बोलपत्र स्वीकृतीको लागि छनौट गरिएको आशयको सूचना**

**प्रकाशित मिति :- २०८२/०२/०४**

यस डिभिजन मिति २०८२/०१/२६ गतेको हिमालय टाइम्स दैनिकमा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सूचना अनुसार मिति २०८२/०२/०२ मा रितपूर्वक प्राप्त हुन आएका आर्थिक प्रस्तावहरु E-bid को मूल्याङ्कन भई तपशिल बमोजिमको ठेक्का नम्बर तथा बोलपत्रदाताको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई छनौट भएकोले सार्वजनिक खरीद ऐन २०६३ को दफा ४७ को प्रयोजनार्थ सोही ऐनको दफा २७ (२) बमोजिम बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि अनुरोध छ।

| ठेक्का नं. | बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (भ्याट र पि. एस. समेत) |
|---|---|---|
| DROBKT/337011694/081/082/58 | M/S RB /Himalaya JV, Bhaktapur | रु. ३,८४,०७,७७०.८६ |
| DROBKT/337011694/081/082/59 | M/S Fame/Deshemaru JV, Bhaktapur | रु. २,५६,१४,७८६.६६ |
| DROBKT/337011694/081/082/60 | M/S Bijaya Structure PvtLtd., Kavre | रु. २,५८,९९,४१३.२४ |

**डिभिजन प्रमुख**

# सुशासन र विकासलाई तीव्रता दिन एमालेको बहुमतको सरकार चाहिन्छ : प्रधानमन्त्री




काठमाडौं/मस-प्रधानमन्त्री एवं नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सुशासन र विकासको बाटोमा देशलाई तीव्र गतिमा अघि बढाउन एमालेको बहुमतको सरकार चाहिने बताएका छन् ।

राष्ट्रिय युवा संघ नेपालको केन्द्रीय शिक्षा विभागद्वारा शनिबार ललितपुरमा आयोजित युवा उद्यमी सम्मान तथा पार्टी प्रवेश कार्यक्रमा उनले देशलाई बिगार्न नदिन र विना व्यवधान सुशासनलाई तीव्र गतिले अगाडि बढाउन एमालेलाई बहुमतको सरकारका चाहिने बताए ।

'मुलुकका लागि एमालेको नेतृत्व आवश्यक रहेको बुझ्न हामीले ढिलो गऱ्यौं । अब त्यो भ्रममा रहनु हुँदैन । साना साना स्वार्थ लिएकाहरुले हामी विरुद्ध भ्रम फिँजाएका छन् । त्यस्तो भ्रममा पर्नु हुँदैन । एमालेलाई आगामी निर्वाचनमा बहुमत दिन युवाहरूले साथ दिनुपर्छ', अध्यक्ष ओलीले भने, 'म युवाहरुलाई एमालेमा आउनुस् एकै पटक एमालेको अध्यक्ष बनिहाल्नोस् भनेर उल्काउन चाहान्नँ । आउनुस्, काम र अनुभव हासिल गर्दै नेतृत्वमा पुग्न सकिन्छ । मेसी, एम्बापे पनि एकै दिन बनेका होइनन् । रहर लागेर तुरुन्तै डाक्टर, इञ्जिनियर हुँदैनन् । मेहनत र समय आवश्यक हुन्छ । यो वास्तविकता तपाईंहरुले बुझ्नुपर्छ ।'

कार्यक्रममा युवा चिकित्सक, इन्जिनियरसहित करिब १०० जना एमालेमा प्रवेश गरेका थिए भने स्वदेशमै केही गर्न सकिन्छ भन्ने सोचका युवा व्यवसायीलाई सम्मान गरिएको थियो ।

# सगरमाथा बेसक्याम्पमा विशेष संवाद



**काठमाडौं/मस**-कांग्रेस महामन्त्री विश्वप्रकाश शर्माको संयोजनमा शनिबार सगरमाथा बेसक्याम्पमा 'जलवायु परिवर्तन, हिमाली जीवन र सरकारसँगको अपेक्षा' विषयमा विशेष संवाद भएको छ ।

शर्माको निमन्त्रणामा गृहमन्त्री रमेश लेखक र पर्यटन मन्त्री बद्री पाण्डे सगरमाथामा बेसक्याम्प पुगेका छन् । ३१ पटक सगरमाथा आरोहण गरेका कीर्तिमानी आरोही कामिरिता शेर्पालाई सम्मान गरेर सुरु गरिएको संवादमा सरकारले तत्कालीन र दीर्घकालीन रूपमा गर्नुपर्ने १६ बुँदे कार्यहरूबारे स्थानीयका तर्फबाट आरोही बाबु शेर्पाले वाचन गरेका थिए ।

महामन्त्री शर्माले आरोहण प्रशिक्षण र हिमाली क्षेत्रका नागरिक एवं हिमाल आरोहण क्षेत्रले भोग्नुपरेका समस्या पहिचान गरेर मन्त्रीहरूको ध्यानाकर्षण गराएका छन् ।

गृहमन्त्री लेखकले अहिलेको सरकार जलवायु परिवर्तन र हिमाली जीवनको मुद्दामा गम्भीर ढंगले कार्य गर्न समर्पित रहेको बताए । पर्यटन मन्त्री बद्री पाण्डेले पर्यटन क्षेत्रको समग्र विकास गर्न दिइएका १६ बुँदाको कार्यान्वयनमा आफू विशेष सक्रियता साथ लाग्ने प्रतिबद्धता व्यक्त गरे ।

शर्माले बेसक्याम्पमा सञ्चार टावर, भरियाको बिमा, सुरक्षा युनिट जस्ता विषयमा सरकारले अविलम्ब ध्यान दिनुपर्नेमा जोड दिए । कार्बन उत्सर्जन बढी गर्ने ठुला राष्ट्रहरूमाथि दबाब बढाउन साना राष्ट्रहरूको नेतृत्व नेपालले गर्नुपर्ने उनले बताए ।

कार्यक्रममा कीर्तिमानी आरोही कामिरिता शेर्पा, डा. आशिष पौडेल, मिङमा छिरिङ शेर्पा, दावा शेर्पा, पासाङ भोटे लगायतले सगरमाथा क्षेत्रले भोग्दै आएको संकट समाधान गर्न सरकारले विशेष योजना बनाउनु पर्नेमा ध्यानाकर्षण गराए ।

सगरमाथा आरोहीको अन्तर ाष्ट्रिय सम्मेलन हुने

विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने आरोहीहरूको पहिलो अन्तर्राष्ट्रिय सम्मेलन नेपालमा हुने भएको छ । एभरेष्ट एलाइन्स नेपालद्वारा १३ जेठमा पहिलोपटक 'एभरेष्ट समिटर समिट' काठमाडौंमा आयोजना हुन लागेको हो । सम्मेलनमा सगरमाथाको सफल आरोहण गरेका आरोहीले भाग लिने छन् ।

एभरेष्ट एलाइन्स नेपालका अध्यक्ष सुदर्शन नेपालले पहिलोपटक हुन लागेको सम्मेलनमा भाग लिन हालसम्म १६ देशका १७७ आरोहीले नाम दर्ता गराइसकेको जानकारी दिए । उनले भने, 'सम्मेलनमा भाग लिनका लागि विभिन्न देशका आरोहीहरूको उत्साहप्रद उपस्थिति देखिएको छ ।' सम्मेलनमा ५०० आरोहीको सहभागिता रहने आयोजकले जनाएको छ ।

सम्मेलनमा भारत र चीनसँगै संयुक्त राज्य अमेरिका, बेलायत, इटली, स्वीजरल्याण्ड, नर्वे, इरान, सिंगापुर, अष्ट्रेलिया, लेवनान, मोरक्को, युएईलगायत मुलुकका आरोहीहरू सहभागिता जनाउने छन् । सगरमाथा आरोहणको ७ दशक लामो इतिहासमा पहिलोपटक हुन लागेको सम्मेलनमा पहिलोपटक एडमन्ड हिलारीसँग सगरमाथा आरोहण गरेका कान्छा शेर्पालाई सम्मान गर्ने कार्यक्रमसमेत रहेको छ । सम्मेलनमा जलवायु परिवर्तनका कारण हिमाली क्षेत्रमा परेको प्रभावको बारेमा गहन छलफल हुने अध्यक्ष नेपालले बताए । यसका साथसाथै हिमाल आरोहीका समस्या र आरोहणका क्रममा भएको खुसीको आदानप्रदान हुनेछ ।

सम्मेलनमा प्रकृतिका लागि विश्वव्यापी कोष (डब्लुडब्लुएफ), अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र (इसिमोड), अन्तर्राष्ट्रिय प्रकृति संरक्षण संघ(आइयुसिएन), समृद्ध पहाडलगायतका विभिन्न संघ संस्थाको सहभागितामा हिमालका समस्याको बारेमा आरोहीसँग समूहगत छलफल गर्ने कार्यक्रम समेत रहेको छ ।

# पाल्ही आधारभूत विद्यालयमा विद्यार्थीको खडेरी

## शिक्षक छन्, संरचना छ तर छैनन् विद्यार्थी

**विनोद निगम/मध्यान्ह**
नवलपरासी, ३ जेठ



पश्चिम नवलपरासीको पाल्हिनन्दन गाउँपालिका-२ अमानीगन्जस्थित पाल्ही आधारभूत विद्यालय अहिले गम्भीर शैक्षिक संकटको चपेटामा परेको छ ।

वि.स.२००५ सालमा स्थापना भएको यो विद्यालयले यसअघि यति धेरै चुनौतीको सामना गर्नुपरेको थिएन । एक समय ७/८ सय विद्यार्थीहरू हुने यो विद्यालय अहिले विद्यार्थी विहीन हुँदै गएको छ ।

विद्यालयमा हाल स्थायी दरबन्दीमा दुई जना, राहतमा एक जना, विद्यालय स्रोतबाट एक जना र कार्यालय सहयोगी एक जना गरी कुल पाँच जना शिक्षक/कर्मचारी कार्यरत छन् ।

शिक्षकहरू नियमित रूपमा विद्यालयमा उपस्थित हुने, कक्षाकोठा खोल्ने र जिम्मेवारी बहन गर्ने गरेका छन् । तर शिक्षकको नियमितता हुँदाहुँदै पनि विद्यार्थी संख्या न्यून हुँदै गएको छ ।

कहिल्यै ८ कक्षासम्म अध्ययन हुने र सयौं विद्यार्थी अध्ययन गर्ने यस विद्यालय अहिले कक्षा ५ सम्म मात्र सीमित छ । हाल विद्यालयमा जम्मा १५ देखि २५ जना मात्र विद्यार्थी देखिन्छन् । कहिलेकाही त्यो संख्या पनि शून्यमा पुग्ने हो कि भन्ने चिन्ता हुन थालेको छ ।

विद्यालयको यस्तो संकटको मूल कारणमध्ये प्रमुख हो शिक्षाको गुणस्तर । स्थानीय अभिभावकहरूका अनुसार विद्यालयमा पढाइको स्तर कमजोर भएपछि उनीहरूले आफ्ना बालबालिकालाई नजिकको निजी वा अन्य सामुदायिक विद्यालयमा पठाउन थालेका छन् ।

केही वर्ष अघिसम्म आफ्ना सन्तानलाई यतै पढाउने गर्थे, तर गुणस्तरीय शिक्षा प्राप्त नहुँदा वैकल्पिक मार्ग रोज्न बाध्य भएको उनीहरूको भनाइ छ ।

विद्यालयको पतनमा स्थानीय तहको कमजोरीलाई पनि मुख्य कारकको रूपमा हेरिएको छ । शिक्षा योजनामा समन्वयको अभाव, अनुगमनको कमी, र विद्यालयको विकासप्रति चासो नदिइनुले गर्दा पाल्ही आधारभूत विद्यालय अस्तित्वको संकटमा पुगेको छ । स्थानीय तहबाट समयमै आवश्यक पूर्वाधार, स्रोत साधन र गुणस्तरीय शैक्षिक कार्यक्रमहरू लागू गरिन सकेको भए आजको यो अवस्था नआउने स्थानीयहरु बताउँछन् ।

विद्यालयमा संरचना छ, शिक्षक छन्, कक्षाकोठा छन्, तर विद्यार्थी छैनन् । यसले विद्यालयको अस्तितवप्रति गम्भीर प्रश्न उठेको छ ।

यस समस्याको समाधान खोज्न सामूहिक प्रयासको खाँचो रहेको स्थानीयहरु बताउँछन् । स्थानीय तहले विद्यालयको पुनर्जीवनका लागि विशेष योजना ल्याउनुपर्ने उनीहरुको माग छ ।

# मदन आश्रितको स्मृतिमा एमाले बझाङद्वारा रक्तदान



**सत्यराज सिंह/मध्यान्ह**
बझाङ, ३ जेठ

नेकपा (एमाले)का तत्कालिन महासचिव तथा जननेता मदनकुमार भण्डारी र संगठन विभाग प्रमुख जीवराज आश्रितको ३२औं स्मृतिमा जिल्ला अस्पताल बझाङमा रक्तदान गरिएको छ ।

नेकपा एमाले जिल्ला कमिटी बझाङको आयोजनामा गरिएको रक्तदान कार्यक्रममा १० जनाले रक्तदान गरेको र बाँकी ३० जनाको चाहेको खण्डमा उपलब्ध गराउने गरि गुरूपिङ गरेको नेकपा(एमाले) जिल्ला कमिटी बझाङले जनाएको छ ।

नेकपा एमाले जिल्ला कमिटी बझाङका अध्यक्ष दिल बहादुर भण्डारीले कुनै पनि व्यक्तिले रगतको अभावमा ज्यान गुमाउन नपरोस् भन्ने उद्देश्यले नेताहरूको सम्झनामा रक्तदान कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रममा नेकपा एमाले जिल्ला कमिटी उप-सचिव पंकज भण्डारीले मानिसको जीवनको लागि रक्तदानको ठूलो महत्व रहेकाले अझै पनि रक्तदानप्रति बुझाइ सकारात्मक बन्न नसकेकोले समुदायमा सचेतना फैलाउनका लागि रक्तदान गरिएको बताए ।

उनले एमालेका स्वर्गीय नेताहरूको स्मृतिमा रक्तदान आयोजना गरेर योगदानको स्मरण गरेको बताए ।

नेकपा एमालेका जिल्ला कमिटी सचिव नयन बोहराले मदन भण्डारीको अगुवाइमा प्रतिपादित जनताको बहुदलीय जनवाद (जबज)को मार्गदर्शक सिद्धान्तले लोकतान्त्रिक परिवर्तनलाई सफल बनाए बताए । रक्तदान कार्यक्रममा नेकपा एमालेका नेताकार्यकर्ता, राष्ट्रिय युवासंघ र अनेर स्ववियुका नेताहरू सहभागी रहेका थिए ।

# मानवमुक्त सडकका लागि सहयोग आह्वान



**पोखरा/मस**-सडक आश्रित व्यक्तिहरूको उद्धार, राहत र पुनर्स्थापनाका लागि मानव सेवा आश्रमले सरोकारवाला निकायहरूसँग प्रतिबद्धता माग गरेको छ ।

नेपालभर २० जिल्लामा २६ वटा केन्द्रमार्फत हाल १ हजार ८ सय जनालाई आश्रय दिइरहेको आश्रमले शनिबार पोखरामा आयोजना गरेको 'सडक मानव व्यवस्थापन तथा उद्धार र राहतका लागि सरोकारवालासँगको अन्तरक्रिया' कार्यक्रममार्फत मानवमुक्त सडक निर्माणको लक्ष्यसहित पूर्वाधार विकास र सञ्चालन खर्चका लागि सहयोगको आह्वान गरेको हो ।

गण्डकी प्रदेशमा कास्की, बागलुङ, लमजुङ र गोरखामा आश्रम सञ्चालन गरिरहेको संस्थाले आश्रितका लागि आवश्यक पूर्वाधार निर्माण र दैनिक सञ्चालनमा आर्थिक अभाव भएपछि सहयोगको अपेक्षासहित उद्धार र राहतमा प्रतिबद्धता खोजेको मानव सेवा आश्रम कास्कीका संयोजक तथा केन्द्रीय सदस्य सदीश पुनले बताए ।

'यो हामीले अभियान सञ्चालन गरेपनि सरोकारवालाहरू सबैको साझा दायित्व र कर्तव्य हो,' उनले भने,'त्यसमा सबै जिम्मेवार होस् र अपनत्व लियोस् भनेर प्रतिबद्धता खोजेका हौं ।' कार्यक्रममा आश्रमका परिकल्पनाकार रामजी अधिकारीले २०६९ साल भदौ १३ गते स्थापित मानव सेवा आश्रमबाट हालसम्म ११ हजार सडक आश्रित व्यक्तिहरू लाभान्वित भइसकेको र हाल १ हजार ८ सय जना आश्रित रहेको जानकारी दिए ।

उनले भने, 'मानवता र मानव सेवाका लागि हामीले यो अभियान सञ्चालन गरेका हौं । यो अभियान देशैभर विस्तारको क्रममै छ ।'

गण्डकी प्रदेशमा २०७४ साल चैत १७ गतेदेखि छोरेपाटनमा घर भाडामा लिएर सेवा सुरु गरेको आश्रमले हाल हेमजामा आफ्नै भवन निर्माण गरी सेवा प्रदान गरिरहेको केन्द्रीय सदस्य तथा कास्की संयोजक पुनले जानकारी दिए ।

उनका अनुसार हाल पोखरा-२५ हेमजामा १४० जना पुरुष र छोरेपाटनमा ७७ जना महिला र १३ जना बालबालिकासहित ९० जना गरी कास्कीमा मात्रै २३० जना आश्रित छन् ।

त्यस्तै, बागलुङमा ६२, गोरखामा ३८ (बालबालिका) र लमजुङमा २८ जना आश्रित रहेको उनले बताए। गण्डकी प्रदेशमा हालसम्म १ हजार ३ सय सडक आश्रित व्यक्तिहरूको उद्धार गरिए पनि केहीको मृत्यु भएको र केही पारिवारिक पुनर्मिलनपछि घर फर्किएको उनको भनाइ छ ।

आश्रितलाई सेवा तथा नयाँलाई उद्धार र राहतका लागि बजेट अभाव भएकाले सरोकारवालाहरूको ध्यानाकर्षण गराइएको कास्की आश्रमको भवन निर्माण समितिका अध्यक्ष धर्मराज बास्तोलाले बताए ।

'पूर्वाधार निर्माणमै बजेट अपुग छ । त्यसबाहेक दैनिक सेवाका लागि पनि खर्च पुगेको छैन,'उनले भने । हाल ६० प्रतिशत खर्च सर्वसाधारणबाट र ४० प्रतिशत खर्च सरकारबाट प्राप्त भइरहेको उनले जानकारी दिए ।

कार्यक्रममा गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दुकुमार थापाले तीनै तहको सरकारको तर्फबाट मानव सेवा आश्रमले महत्त्वपूर्ण सेवा दिइरहेको सुनाए । उनले आश्रम सञ्चालनका लागि सहयोग गर्न प्रदेश सरकार तयार रहेको प्रतिबद्धता व्यक्त गर्दै भने, 'तीनै तहको सरकार यसमा जिम्मेवार भएर सहयोग गर्न तयार छ ।'

# वाटरपार्कमा प्रवेश नपाएपछि विद्यार्थीहरूद्वारा तोडफोड



**जनकपुरधाम/मस**-धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१ रमदैयामा रहेको वाटरपार्कमा प्रवेशको विषयमा झडप भएको छ ।विशेष छुटको नाममा अत्यधिक संख्यामा विद्यार्थी बोलाइए पटिछ प्रवेश नपाउँदा आक्रोशित विद्यार्थीहरूले पार्कमा तोडफोड गरेका हुन् । स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले दुई राउन्ड अश्रुग्यास प्रहार गरेको थियो भने दश जनालाई नियन्त्रणमा लिएको छ ।

कृष्ण फाउन्डेशन नामक संस्थाले कक्षा १२ को परीक्षा दिएका विद्यार्थीहरूलाई लक्षित गरी वाटरल्याण्ड पार्कका सञ्चालकसँग समन्वय गरेर विशेष छुटमा टिकट बिक्री गरेको थियो । सामान्यतया ९५० रुपैयाँ पर्ने टिकट १०० रुपैयाँमा ई-सेवामार्फत बेचिएपछि शनिबार बिहानै ठूलो संख्यामा विद्यार्थीहरू पार्क पुगेका थिए । तर, पार्कमा ठाउँ अभाव भएको भन्दै कर्मचारीले प्रवेशमा रोक लगाएपछि विवाद सुरु भएको थियो ।

विवादकै क्रममा पार्कका कर्मचारीले विद्यार्थीमाथि हातपात गरेको आरोप लगाउँदै आक्रोशित विद्यार्थीहरू तोडफोडमा उत्रिएका थिए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रहरी निरीक्षक सञ्जीवकुमार यादवका अनुसार स्थिति नियन्त्रणमा लिन पुगेका प्रहरीमाथि ढुंगामुढा प्रहार भएपछि अश्रुग्यास प्रहार गरिएको हो । घटनामा संलग्न भएको आशंकामा १० जनालाई पक्राउ गरी सोधपुछ गरिएको र ढुंगामुढाबाट ५ जना प्रहरी सामान्य घाइते भएको उनले जानकारी दिए ।

पार्क व्यवस्थापक अभिषेक गोयन्काले कृष्णा फाउन्डेशनले शैक्षिक संस्थाको प्रचारप्रसारका लागि शनिबार बिहान ९ देखि ११ बजेसम्म दुई घण्टाका लागि पार्क लिएको बताए ।'पार्कको क्षमता १ हजारदेखि १५ सय जनासम्म अट्ने हो, तर उहाँहरूले २ हजारभन्दा बढी विद्यार्थी लिएर आउनुभयो,' गोयन्काले भने, 'विद्यार्थीको संख्या बढी भएकाले व्यवस्थापन गर्न नसक्दा तोडफोडको स्थिति सिर्जना भयो ।'

विद्यार्थीहरूले गेट, लाइट र सजावटका सामग्री तोडफोड गर्दा करिब २० लाख रुपैयाँ बराबरको क्षति भएको अनुमान गरिए पनि यकिन विवरण आउन बाँकी रहेको उनले सुनाए । कृष्ण फाउन्डेशनले कक्षा १२ उत्तीर्ण विद्यार्थीहरूलाई आफूले भनेको कलेजमा अध्ययन गर्न प्रेरित गर्ने उद्देश्यले एक हप्ताअघिदेखि नै वाटरपार्कमा भेला पार्ने योजना बनाएको थियो ।

# साउदी अरेबियामा बुद्ध जयन्ती मनाइयो



**अन्जान गुभाजु/मध्यान्ह**
साउदी अरेबिया,३ जेठ

साउदी अरबको रियादमा २५६९औं बुद्ध जयन्ती श्रद्धापूर्वक सम्पन्न भएको छ । रियादस्थित नेपाली दूतावासको समन्वयमा, नेपाल तामाङ घेदुङ प्रवास शाखा र नेपाल आदिवासी जनजाति महासंघ साउदीको सहकार्यमा यो कार्यक्रम आयोजना गरिएको थियो ।

उक्त कार्यक्रममा उपस्थित नेपाली समुदायले दीप प्रज्वलन गरी भगवान गौतम बुद्धप्रति आफ्नो गहिरो सम्मान प्रकट गरेका थिए । सहभागी सबैले बुद्धले प्रतिपादन गरेको पञ्चशीलका पाँचवटा आधारभूत नियमहरूलाई आफ्नो जीवनमा पालना गर्ने संकल्प लिएका थिए । उनीहरूले शान्तिपूर्ण र नैतिक जीवन जिउने प्रतिबद्धता व्यक्त गरेका थिए ।

कार्यक्रममा बोल्ने वक्ताहरूले बुद्धका चार आर्य सत्यहरू दुःख, दुःखको कारण, दुःख निवारण र दुःख निवारणको मार्गलाई दैनिक जीवनमा अगाल्नुपर्ने कुरामा जोड दिएका थिए । उनीहरूले वास्तविक र स्थायी शान्ति प्राप्त गर्नका लागि बुद्धको दर्शनलाई व्यवहारमा उतार्न आवश्यक रहेको बताए ।

कार्यक्रमका प्रमुख अतिथि, साउदी अरबका लागि नेपाली राजदूत डा.नरेश विक्रम ढकालले शुभकामना व्यक्त गर्दै बुद्ध जयन्ती हिन्दू र बौद्ध धर्मावलम्बी दुवैको साझा पर्व भएको उल्लेख गरे । बुद्ध दर्शनको उद्गमस्थल नेपाल भएकाले विश्वभर नेपाललाई शान्तिको देश भनेर चिनिने गरेको उनले बताए ।

शान्ति, सहिष्णुता र बौद्ध धर्मका महत्वपूर्ण मान्यताहरूमा आधारित यो कार्यक्रमले विदेशमा रहेका नेपालीहरूबीच आपसी एकता र सद्भावको भावनालाई अझ बलियो बनाएको कुरा सहभागीहरूले महसुस गरेका थिए ।

# काभ्रेका ३ वटा पालिका पूर्ण खोप सुनिश्चित



**काठमाडौं/मस**-काभ्रेका ३ वटा पालिकालाई पूर्णखोप सुनिश्चित घोषणा भएका छन् । जिल्लाका १३ वटा पालिकामध्ये नमोबुद्ध नगरपालिका, भुम्लु गाउँपालिका र मण्डनदेउपुर नगरपालिकालाई पूर्णखोप सुनिश्चित घोषणा गरिएको हो । पूर्ण खोप सुनिश्चितता तथा दिगोपना नगर घोषणा हुने मण्डनदेउपुर तेस्रो भएको छ । त्यसअघि वैशाख १७ गते नमोबुद्धलाई जिल्लाको पहिलो पूर्णखोप सुनिश्चित नगर घोषणा गरिएको थियो । लगत्तै वैशाख अन्तिम हप्ता भुम्लु गाउँपालिका दोस्रो पालिकाकारुपमा पूर्ण खोप सुनिश्चित भएको थियो । राष्ट्रिय खोप निर्देशिकाअनुसार सम्पूर्ण प्रक्रिया पूरा गरी पूर्णखोप सुनिश्चित पालिका घोषणा गर्ने गरिएको छ ।

जिल्ला जनस्वास्थ्य कार्यालयका प्रमुख रागीश्री कक्षपति श्रेष्ठले सबै पालिकालाई पूर्णखोप सुनिश्चित घोषणा अभियानमा संलग्न गराउने बताए ।

# नेकपा एसका केन्द्रीय सदस्य बुढाथोकीको निधन



**काठमाडौं/मस**-झापाको दमक नगरपालिकाका पूर्व नगर प्रमुख तथा नेकपा (एकीकृत समाजवादी)का केन्द्रीय सदस्य इन्द्रबहादुर बुढाथोकीको निधन भएको छ ।

दमक-५ निवासी बुढाथोकीको शनिबार आफ्नै निवासमा ७२ वर्षको उमेरमा निधन भएको हो ।

उनी केही समययता मुटु र मिर्गौला रोगबाट पीडित थिए । विसं २०४९ को स्थानीय तहको निर्वाचनमा बुढाथोकी एमालेबाट दमको मेयरमा निर्वाचित भएका थिए ।

पछिल्लो समय एमाले छाडेर उनी माधव नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी) को केन्द्रीय कमिटी सदस्यको जिम्मेवारीमा थिए ।

मध्यान्ह
www.madhyanhadaily.com
४ जेठ २०८२ आइतबार
18 May 2025, Sunday

## सम्पादकीय

# दासढुंगा दुर्घटनाः अयोग्यताको ऐना

३ जेठ २०५०, नेपाली राजनीतिका निम्ति कहिल्यै बिर्सन नसकिने दुखद् दिन थियो । त्यसदिन नेकपा एमालेका तत्कालीन महासचिव मदनकुमार भण्डारी र संगठन विभाग प्रमुख जिवराज आश्रितको दासढुंगा दुर्घटनामा ज्यान गएको थियो । पोखराको एक कार्यक्रम सकेर फर्कदै गर्दा दासढुंगामा भएको जिप दुर्घटनामा परी मदन र जिवराजको निधन भएको थियो । तर उक्त जिप चालक अमर लामा जिवितै थिए, त्यो पनि रहस्मय तरिकाले । देशका प्रमुख पार्टीका पहिलो र दोस्रो व्यक्तिको निधन भएकाले सरकारकै तर्फबाट छानबीन आयोग गठन गरिएको थियो । सरकारी आयोगलाई विश्वास नगरेर एमालेका तर्फबाट केपी शर्मा ओली नेतृत्वमा छानबीन समिति बनाइएको थियो । तर उक्त दुर्घटनाको रहस्य अहिलेसम्म खुलेको छैन ।

अर्थात् रहस्यमय दासढुंगा दुर्घटनाको स्मृतिमा एमालेले वर्षेनि स्मृति कार्यक्रम गर्दै आएको छ । यसपालि पनि एमाले घटकहरूले विभिन्न स्थान र शैलीमा मदन–जिवराज स्मृति सभा गरेका छन् । संयोग अहिले दासढुंगा दुर्घटनामा छानबीन समितिका संयोजक रहेका नेता ओली देशका प्रधानमन्त्री छन् । यसपटक मात्र नभएर २०७२ साल यता चारपटक ओली प्रधानमन्त्री भइसकेका छन् । मदन भण्डारी पत्नी विद्यादेवी भण्डारी दुई कार्यकाल राष्ट्रपति भइसकेकी छन् । तर दासढुंगा दुर्घटनालाई अहिलेपनि रहस्मय भनेरै स्मृति सभा गरिदै आएको छ । प्रधानमन्त्री ओली र पूर्वराष्ट्रपति भण्डारीले पनि रहस्मय दासढुंगा दुर्घटना नै भन्दै आएका छन् । एमालेबाट प्रधानमन्त्री भइसकेका माधवकुमार नेपाल र झलनाथ खनाल सहित गृहमन्त्री भइसकेकाहरूले पनि उस्तै भाषा प्रयोग गर्दै आएका छन् । रहस्मय दुर्घटना भन्दैछन् ।

सार्वजनिक चुनौती चाहिँ उनै भण्डारी, ओली, खनाल र नेपालहरूप्रति हुने गरेको छ । मुलुककै नेतृत्व गरिसकेकोहरूले दुर्घटनाको रहस्य पत्ता लगाउन नसक्ने अनि रहस्यमय भनिरहनु संगतीपूर्ण नभएको उनीहरूको टिप्पणी छ । यस्तो टिप्पणीको जवाफ संभवतः नेताहरूसँग छैन । त्यसैले मदन र जिवराजलाई देखाएर शक्ति आर्जन गर्न चाहिरहेको अनुमानलाई बल पुगिरहेको छ । पक्कै पनि उक्त दुर्घटना मुलुकका निम्ति दुर्भाग्य थियो । देशलाई नै प्रष्ट गोरेटो देखाइरहेका नेताहरूको त्यो दुर्घटनामा निधन भएको थियो । त्यसैले योग्य छानबीन आयोग र त्यसले प्रष्ट प्रतिवेदन दिनुपर्थ्यो । दुर्घटनामाथि राजनीति गरिन हुन्न थियो । तर त्यो घटनालाई रहस्मय बनाइयो । अझ पनि समय छ, दुर्घटनाको तथ्य सार्वजनिक गरियोस् । मुलुककै नेतृत्व गर्नेहरूले पनि गुनासो गरिरहनु संगतीपूर्ण र योग्यताको विषय होइन ।

# बजेटमा वैदेशिक रोजगारी

*आर्थिक वर्ष २०८०/०८१ मा मात्र वैदेशिक रोजगारबाट पठाइएको विप्रेषण रकम १४ खर्ब ४५ अर्ब रुपैयाँभन्दा बढी पुगेको थियो, जुन देशको कुल गार्हस्थ्य उत्पादनको सबैभन्दा ठूलो हिस्सा हो । यस्तो अवस्थामा हरेक वर्ष सरकारद्वारा प्रस्तुत गरिने बजेटमा वैदेशिक रोजगारलाई केन्द्रमा राखेर योजनाहरु ल्याउनु अनिवार्य छ...*

बजेट बहस



● ईश्वर बुढाथोकी

नेपालको समसामयिक आर्थिक, सामाजिक र राजनीतिक परिप्रेक्ष्यमा वैदेशिक रोजगारी एक अत्यन्त महत्त्वपूर्ण विषय हो । लाखौं नेपालीहरू आफ्नो परिवारको भरणपोषण, जीवनस्तर उकास्ने र देशको आर्थिक अवस्था सुधार्ने आशामा बिदेसिने क्रम जारी छ ।

नेपाल राष्ट्र बैंकका अनुसार आर्थिक वर्ष २०८०/०८१ मा मात्र वैदेशिक रोजगारबाट पठाइएको विप्रेषण रकम १४ खर्ब ४५ अर्ब रुपैयाँभन्दा बढी पुगेको थियो, जुन देशको कुल गार्हस्थ्य उत्पादनको मुख्य हिस्सा हो ।

यस्तो अवस्थामा हरेक वर्ष सरकारद्वारा प्रस्तुत गरिने बजेटमा वैदेशिक रोजगारलाई केन्द्रमा राखेर योजनाहरू ल्याउनु अनिवार्य छ । तर, विडम्बना ! वैदेशिक रोजगारलाई अझै पनि प्राथमिक नीति र कार्यक्रमको तहमा पर्याप्त स्थान दिइएको पाइँदैन ।

वर्तमान अवस्थामा वैदेशिक रोजगारका विषयमा केही महत्वपूर्ण यथार्थहरू बुझ्न जरुरी छ । वैदेशिक रोजगारीमा जानेहरूको संख्या फेरि बढ्दो क्रममा छ । कोरोना महामारीपछि केही समयका लागि घटेको यो संख्या अब पुनः पुरानै लयमा फर्किएको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०८०/०८१ मा मलेसिया, साउदी अरेबिया, कतार, यूएई र कुवेत अझै पनि प्रमुख गन्तव्य मुलुकका रूपमा छन् तर हाल म्यानमार, रोमानिया, क्रोएसिया, जापान र कोरिया जस्ता नयाँ देशहरू पनि रोजगारीका लागि खुल्न थालेका छन् ।

यो पृष्ठभूमिमा आगामी बजेटले वैदेशिक रोजगारसँग सम्बन्धित नीति निर्माणमा केही आधारभूत सुधार ल्याउनु आवश्यक छ । पहिलो, वैदेशिक रोजगारलाई अब रोजगारीको एउटा अस्थायी माध्यमका रूपमा मात्र होइन, संरचनागत श्रम बजार व्यवस्थापनको हिस्सा ठान्नुपर्छ, जसअनुसार सरकारले वैदेशिक रोजगारसम्बन्धी नीति र बजेटीय प्राथमिकतामा दीर्घकालीन सोच ल्याउनु आवश्यक छ ।

अहिलेको अभ्यासमा वैदेशिक रोजगार मन्त्रालय, रोजगार बोर्ड र अन्य नियामक निकायको ध्यान मात्र विदेश पठाउने प्रक्रियामा केन्द्रित छ । तर, त्यसको परिणाम, दीर्घकालीन प्रभाव, कामदारको सामाजिक सुरक्षा र सीपको उपयोगमा समर्पित सोचको कमी छ ।

बजेटले वैदेशिक रोजगारको प्रवाह व्यवस्थापन र नियमनमा मात्र होइन, प्रवासी श्रमिकको सुरक्षालाई समेत समेट्नुपर्छ । नेपाली श्रमिकहरू अझै पनि जोखिमपूर्ण क्षेत्रमा, न्यूनतम तलब नपाई, बीमाबिना वा ठगीमा परेर बिदेसिएका घटनाहरू व्यापक छन् ।

यसर्थ, बजेटले वैदेशिक रोजगारमा जानेलाई अनिवार्य तवरले पूर्वप्रशिक्षण, बीमा, वैदेशिक रोजगार साक्षरता तथा श्रमिक सहायता कोषमा योगदान जस्ता कुरालाई मजबुत बनाउनुपर्छ ।

अझ, रोजगारीका क्रममा मृत्यु भएका नेपालीहरूको सन्दर्भमा सहयोग र न्याय सुनिश्चित गरिनुपर्ने माग लामो समयदेखि आइरहेको छ, जसलाई बजेटमार्फत सम्बोधन गर्न सकिन्छ ।

वैदेशिक रोजगारमा जाँदा धेरैजसो नेपालीहरू न्यून सीपयुक्त र सामान्य कामका लागि जान्छन् । यसले उनीहरूको आम्दानी सीमित बनाउँछ र त्यही कारण उनीहरू दीर्घकालीन शोषणको जोखिममा पर्छन् । बजेटमा सीप विकासमा विशेष कार्यक्रम ल्याउनु आवश्यक छ ।

जापान, कोरिया, युरोपेली मुलुकहरू जस्ता स्थानहरूमा सीपयुक्त श्रमिकको माग बढ्दो छ । नेपाल सरकारले यस्ता गन्तव्यसँग द्विपक्षीय समझदारी विस्तार गर्ने कार्यक्रमलाई बजेटमार्फत समेट्नुपर्छ । प्रविधि, भाषा, स्वच्छता, मेसिन अपरेसन, नर्सिङ आदि क्षेत्रमा तालिम दिने पूर्वाधार विकासका लागि पर्याप्त बजेट विनियोजन गरिनुपर्छ ।




> *बजेटको अर्को महत्त्वपूर्ण पक्ष भनेको श्रमिकले पठाएको विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गराउने हो । हाल प्राय: विप्रेषण रकम अनुत्पादक क्षेत्रमा सीमित हुने गरेको छ...*

बजेटको अर्को महत्त्वपूर्ण पक्ष भनेको श्रमिकले पठाएको विप्रेषणलाई उत्पादनशील क्षेत्रमा लगानी गराउने हो । हाल प्राय: विप्रेषण रकम अनुत्पादक क्षेत्रमा सीमित हुने गरेको छ- घर निर्माण, दैनिक खर्च, वैवाहिक कार्यक्रम वा वैदेशिक यात्राका लागि ।

यसलाई उत्पादनशील क्षेत्रमा रूपान्तरण गर्न बजेटले सहुलियत ऋण, सहकारी प्रवर्द्धन, लगानीमैत्री वातावरण, कृषि तथा लघु उद्यममा अनुदान जस्ता कार्यक्रम ल्याउनुपर्छ । उदाहरणका लागि, 'प्रवासी नेपाली लगानी कार्यक्रम' जस्ता पहलहरूलाई कार्यान्वयनमा लैजाने कार्य बजेटको मूल हिस्सा हुन सक्छ ।

अझ राम्रो त, 'रेमिटयान्स इन्भेस्टमेन्ट बोर्ड' जस्तो निकायको स्थापना गरी श्रमिकहरूको बचतलाई सुरक्षित र उत्पादनमुखी क्षेत्रतर्फ मोड्न सकिन्छ ।

वैदेशिक रोजगारबाट फर्केका श्रमिकहरूलाई पुनः समायोजन गर्ने विषय पनि बजेटमा समेटिनु अत्यावश्यक छ । फर्केका श्रमिकहरूमा प्रशस्त सीप, अनुभव र पुँजी हुने गर्छ तर सरकारले उनीहरूको ज्ञानलाई व्यवस्थित रूपमा परिचालन गर्न सकेको छैन । बजेटले फर्केका श्रमिकहरूका लागि 'पुनः समायोजन कोष', 'सीप आधारित व्यवसाय अनुदान', 'क्लस्टर आधारित उद्यम कार्यक्रम' जस्ता उपाय ल्याउनुपर्छ । यसले स्वदेशमै उद्यम गर्न चाहनेहरूलाई हौसला मिल्ने छ र वैदेशिक आश्रितता पनि घट्ने छ ।

त्यस्तै, श्रम सम्झौताहरूमा प्रस्ट कार्यान्वयनको खाका नहुनु अर्को समस्याको रूपमा देखिएको छ । कतिपय अवस्थामा २ देशबीच सम्झौता भए पनि त्यसको कार्यान्वयन कमजोर देखिन्छ ।

बजेटले यसतर्फ ध्यान दिँदै श्रमिकको तलब, सुविधा, श्रम कानुन कार्यान्वयन, श्रमिक सहायता केन्द्र स्थापना आदि विषयमा कार्यान्वयनमा सघाउने छुट्टै कार्यक्रम ल्याउनुपर्छ । विशेषगरी 'श्रम परामर्श केन्द्रहरू'लाई विदेशस्थित नेपाली दूतावासहरूमा बजेटीय सहयोगमार्फत मजबुत बनाउने हो भने श्रमिकको पीडामा तत्काल सहयोग पुग्न सक्छ ।

अर्को पक्ष भनेको सूचनाको पहुँच हो । गाउँगाउँमा अझै पनि दलाल वा नक्कली एजेन्टमार्फत वैदेशिक रोजगारीमा जानुपर्ने बाध्यता छ । सूचनाको अभावमा श्रमिक ठगिन्छन्, मानव तस्करीमा पर्छन्, जीवन जोखिममा पारिन्छ ।

बजेटले 'वैदेशिक रोजगार सूचना केन्द्र'को स्थापना, मोबाइल एप र टोल फ्री हेल्पलाइन प्रवर्धन, डिजिटल लर्निङ प्लेटफर्म तथा गाम लेबल श्रम मार्गदर्शन केन्द्र जस्ता योजनालाई बल दिनुपर्छ ।

यति मात्र होइन, महिला श्रमिकहरूको सन्दर्भमा बजेट झनै संवेदनशील हुनुपर्छ । महिला श्रमिकहरू खासगरी घरेलु कामदारका रूपमा खाडी मुलुक जान्छन्, जहाँ उनीहरूको शोषण, हिंसा, वेतन नपाउने, बन्दी बनाइनेजस्ता घटना दैनिक जस्तै देखिन्छन् । त्यस कारण बजेटले महिला श्रमिकका लागि सुरक्षित गन्तव्यको पहिचान, विशेष श्रम सम्झौता, अभिभावक संस्था स्थापना, महिला श्रमिकका लागि 'सुरक्षा सहायता कार्यक्रम' जस्ता योजनालाई समेट्नुपर्छ ।

अन्त्यमा, वैदेशिक रोजगार अब रोक्न नसकिने तर सही ढंगले व्यवस्थापन गर्न सकिने यथार्थ हो । यसलाई प्रवासमा श्रम मात्र होइन, ज्ञान, सीप र लगानीको स्रोतका रूपमा विकास गर्नु आवश्यक छ । त्यसका लागि बजेट एउटा महत्त्वपूर्ण दस्तावेज हो, जसले दीर्घकालीन सोच, योजनाबद्ध कार्यान्वयन, पारदर्शिता र प्रभावकारी परिणाम दिने कार्यक्रमहरू लिएर आउनुपर्छ ।

अहिलेको जस्तो प्रवाह व्यवस्थापनमा मात्र केन्द्रित सोचलाई त्यागेर सरकारको बजेटले वैदेशिक रोजगारीलाई अब समृद्ध नेपाल निर्माणको एउटा मुख्य आधारका रूपमा लिनुपर्ने समय आएको छ । त्यसो भए मात्र लाखौं नेपालीको पसिना, दुःख र सपना सार्थक हुन सक्छ ।

***(बुढाथोकी, अखिल नेपाल क्रान्तिकारी ट्रेड युनियन महासंघका केन्द्रीय नेता हुन् ।)***

## इतिहासमा आज

१८ मे १९८० मा दक्षिण कोरियाको ग्वाङ्जुमा विद्यार्थीहरूले लोकतान्त्रिक सुधारको आह्वान गर्दै प्रदर्शन सुरु गरेका थिए ।



१८ मे २००६ मा लोकतन्त्र आन्दोलन पछिको सरकारले राजतन्त्रको शक्ति घटाउने र नेपाललाई धर्मनिरपेक्ष देश बनाउने ऐतिहासिक विधेयक पारित गरेको थियो ।



१८ मे २०१५ मा कोलम्बियाली शहर साल्गारमा भारी वर्षाका कारण पहिरोमा परी कम्तिमा ७८ जनाको मृत्यु भएको थियो ।



१८ मे २०१८ मा टेक्सासको सान्ता फे हाई स्कूलमा भएको गोलीकाण्डमा दश जनाको मृत्यु भएको थियो ।



# युवा र रोजगारी

विचार



● शिव विक (मिलन)

> *नेपालको भविष्य निर्माणका लागि देशभित्रै युवाहरूलाई रोजगार दिने वातावरण तयार गर्नु अत्यन्त जरूरी छ । सँगै, समावेशी, न्यायपूर्ण र दिगो विकासका लागि पनि रोजगारीका अवसरहरू सबै वर्ग, समुदाय र क्षेत्रसम्म पुगोस् भन्ने सुनिश्चित गर्नुपर्छ...*

नेपालमा रोजगारीको सवाल विगतदेखि नै जटिल र गम्भीर विषय रहँदै आएको छ । देशको आर्थिक संरचना, शैक्षिक प्रणाली, राजनीतिक अस्थिरता र अवसरहरूको असमान वितरणले यो समस्या अझ जटिल बनाएको छ । बेरोजगारी र अपूरो रोजगारी नेपालको श्रम बजारको प्रमुख चिन्ता हो, जसले युवाहरूलाई विदेशिने बाध्यता तिर धकेलिरहेको छ । रोजगारीको समस्याले ल्याएको सामाजिक, आर्थिक र राजनीतिक प्रभावमाथि चर्चा गर्नु अहिलेको आवश्यकता हो ।

नेपालको अधिकांश जनशक्ति कृषि क्षेत्रमा संलग्न भए पनि त्यो पेशा परम्परागत र आत्मनिर्भर शैलीमा आधारित छ । कृषि उत्पादन प्रणाली अझैपनि आधुनिक प्रविधिबाट टाढा छ, जसका कारण उत्पादनशीलता कम र आम्दानी न्यून छ । फलस्वरूप, कृषिमा आवद्ध जनशक्ति रोजगारको दृष्टिले त होइन, जीवन निर्वाहको आधारमा मात्र टिकिरहेको छ । औपचारिक क्षेत्रबाट कृषि क्षेत्रमा काम गर्नेहरूको संख्या गणना गर्न गाह्रो छ, किनभने धेरैजसो किसानहरू अनौपचारिक वा पारिवारिक श्रमिक हुन् ।

औद्योगिक र सेवा क्षेत्रले रोजगारी सिर्जनाको ठूलो सम्भावना बोकेको भए पनि ती क्षेत्रहरू पर्याप्त विस्तार भएका छैनन् । उद्योगहरू राजनीतिक हस्तक्षेप, कमजोर पूर्वाधार, ऊर्जा अभाव र नीतिगत अनिश्चितताका कारण समस्यामा छन् । सेवा क्षेत्रमा भने बैंकिङ, शिक्षण, स्वास्थ्य र पर्यटन जस्ता क्षेत्रहरूमा केही सम्भावना देखिन्छ, तर ती पनि सीमित छन् र ती क्षेत्रमा रोजगारी पाउन आवश्यक दक्षता र तालिम नभएका युवाहरू पछाडि पर्ने गरेका छन् ।

नेपालमा बेरोजगारी दर उच्च रहेको तथ्यांकले देखाउँछ । तर, त्यो भन्दा गम्भीर समस्या भनेको अपूरो रोजगारी हो । धेरै युवाहरू आफ्नो क्षमताअनुसारको काम नपाई कम पारिश्रमिकमा वा कम समयको काममा सीमित छन् । उच्च शिक्षा प्राप्त गरेपछि पनि उपयुक्त रोजगारी नपाउनु आम समस्या हो, जसले मानसिक दबाब र हतोत्साह सिर्जना गर्छ । यसले देशभित्रको मानव संसाधनको सदुपयोग हुन नदिने गरी नकारात्मक प्रभाव पारिरहेको छ ।

अर्को पाटो हेर्ने हो भने वैदेशिक रोजगार नेपालको अर्थतन्त्रको महत्वपूर्ण आधार बनेको छ । लाखौं नेपालीहरू खाडी मुलुक, मलेसिया, कोरिया, जापान, युरोप र अन्य देशहरूमा रोजगारीका लागि गएका छन् । रेमिट्यान्सले देशको अर्थतन्त्र धानिरहेको छ, तर यो दीर्घकालीन समाधान होइन । विदेशिने क्रममा युवाहरूले अप्ठ्यारो काम, कम तलब, जोखिमपूर्ण परिस्थिति र कहिलेकाहीँ अमानवीय व्यवहार भोग्नुपरेको यथार्थ छ । साथै, वैदेशिक रोजगारीले देशको श्रमशक्ति विदेश पठाउने काम मात्र भएको छ, देशभित्रको उत्पादकत्वमा खास योगदान छैन ।

रोजगारी सिर्जना गर्न सरकार र निजी क्षेत्रको भूमिकालाई फरक तरिकाले बुझ्न आवश्यक छ । सरकारले नीति निर्माण, पूर्वाधार विकास, लगानीमैत्री वातावरण तयार गर्ने जस्ता कामहरूमा ध्यान दिनुपर्छ । तर, व्यावसायिक शिक्षा, सीपमूलक तालिम, उद्यमशीलता प्रवर्द्धन, नवप्रवर्तनमा लगानी जस्ता कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयन पनि अनिवार्य छ । सरकारले युवाहरूलाई स्वरोजगार र उद्यमशीलता तर्फ प्रेरित गर्न अनुदान, सहुलियत ऋण र व्यवसाय सञ्चालनका लागि प्राविधिक सहयोग उपलब्ध गराउनु पर्छ ।

पछिल्लो समय इन्टरनेट र डिजिटल प्रविधिको प्रयोगले केही नयाँ रोजगारीका सम्भावनाहरू खोलिदिएको छ । फ्रिल्यान्सिङ, ई-कमर्स, एप-आधारित सेवा, अनलाइन शिक्षण र डिजिटल सामग्री उत्पादन जस्ता क्षेत्रहरूमा रुचि बढेको देखिन्छ । तर, यसमा पनि उपयुक्त तालिम, उपकरण र बजार पहुँच आवश्यक पर्छ, जुन सबैका लागि सहज छैन ।

रोजगारीको सवालमा सुधार ल्याउनका लागि शिक्षाको गुणस्तर र स्वरूपमा परिवर्तन आवश्यक छ । व्यावसायिक, प्राविधिक र सीपमूलक शिक्षालाई प्राथमिकता दिइनु पर्छ । अहिलेको शिक्षाले विद्यार्थीलाई रोजगारीका लागि नभई प्रमाणपत्रका लागि तयार पारिरहेको छ । विद्यालय र विश्वविद्यालयहरू श्रम बजारको मागअनुसार पाठ्यक्रम निर्माणमा असफल छन्, जसले बेरोजगारी बढाउने काम मात्र गरेको छ ।

अन्ततः, रोजगारीको समस्या कुनै एक पक्षको प्रयासले समाधान हुने होइन । यसमा सरकार, निजी क्षेत्र, शिक्षण संस्था, नागरिक समाज र स्वयं युवाहरूको साझा भूमिका आवश्यक छ । यदि रोजगारीको सवाललाई राष्ट्रिय प्राथमिकताको रूपमा लिएर दीर्घकालीन रणनीति बनाइएन भने यो समस्या सामाजिक अस्थिरता, विदेश पलायन र आर्थिक निर्भरताको रूप लिँदै जानेछ । नेपालको भविष्य निर्माणका लागि देशभित्रै युवाहरूलाई रोजगार दिने वातावरण तयार गर्नु अत्यन्त जरूरी छ । सँगै, समावेशी, न्यायपूर्ण र दिगो विकासका लागि पनि रोजगारीका अवसरहरू सबै वर्ग, समुदाय र क्षेत्रसम्म पुगोस् भन्ने सुनिश्चित गर्नुपर्छ । तब मात्र रोजगारीको सवालमा सार्थक समाधान सम्भव हुनेछ ।

## सामाजिक सञ्जाल



**सेतेमान तामाङ**

हाम्रो परिवर्तनको बाधक बेरूजू भन्ने कुरा स्पष्ट देखिन्छ । कसले, कहाँ, कुन निकायमा कसरी लुटेको भन्ने बारे प्रतिवेदनले देखाएको छ । अब कारबाही गर्ने निकाय मूकदर्शक बन्ने कि अपराधीलाई कठघरामा ल्याउन कदम चाल्ने, अगामी दिनमा देखिएला ।

अलि-अलि अपवाद त हुन्छ । तर, अधिकांश रूपमा नेपालमा 'धनी' हुने भनेकै राजनैतिक दलका नेताहरूले भ्रष्टाचार, कमिशन र पेश्कीको बेरूजुमार्फत हो । कर्मचारीले नीतिगत भ्रष्टाचार, घुस र बेरूजु पेश्कीले हो । 'ठूला' व्यवसायीको हकमा चाहीँ राजनीतिबाट अनुचित लाभ लिएर, कर छलेर र उपभोक्ता ठगेर नै हो ।




**मुमाराम खनाल**



**प्रेमकान्त अधिकारी**

आन्तरिक रोजगारीको कुरा त आयो नेपाल सरकारबाट तर, रोजगारी दिनको लागि पूर्वाधार सिर्जना गरेको खै ? वैदेशिक रोजगार विभाग चाहीँ सक्रियरूपमा चलाइरहने तर आन्तरिक रोजगारको कुरा सामाजिक सञ्जालमा फुकिरहने मात्र । मापदण्ड दोहोरो अपनाउने काम एकोहोरो वैदेशिक रोजगारमा पठाइरहने ।

गणतन्त्रको राम्रो पक्ष भनेकै कानुनको दृष्टिमा सबै बराबर हुनु हो । यसमा राष्ट्रपतिदेखि प्रधानमन्त्री र अन्य पदाधिकारी आफ्नो कामको लागि जवाफदेही हुनै पर्दछ । पूर्व-उपप्रधानमन्त्रीदेखि पूर्वमन्त्रीहरू भ्रष्टाचारको अभियोगमा निलम्बित हुँदैछन् । अब अनुसन्धानको रडार योभन्दा माथि पुगोस् ।



**उमेश मैनाली**

# जुम्लामा अनलाइनबाट हुने ठगी बढ्दो, सतर्क रहन प्रहरीको आग्रह

**दिलमाया शाही/मध्यान्ह**
जुम्ला, ३ जेठ

पछिल्लो समय जुम्लामा समेत अनलाइन ठगीका घटना बढ्न थालेको भन्दै जोगिन प्रहरीले अनुरोध गरेको छ। विभिन्न प्रलोभनमा पारेर अनलाइन ठगी गर्ने र ठगीबाट बच्न विशेष सावधानी अपनाउन जिल्ला प्रहरी कार्यालय जुम्लाले अनुरोध गरेको हो।

जुम्लामा पनि सामाजिक सञ्जाल जस्तै,फेसबुक, इन्टाग्राम, टेलिग्राम, ह्वाट्सएप, म्यासेन्जर,भाइबर तथा इमोलगायतबाट फोन गरी डिजिटल वालेट तथा बैंक/वित्तीय संस्थाबाट बोलेको भन्दै विभिन्न अपरिचित नम्बरहरूबाट फोन गरी वा म्यासेज गरी सरकारका कर्मचारी तथा आमसर्वसाधारणलाई समेत धोकापूर्ण तरिकाले प्रलोभनमा पारी




ठगी गरिएको पाइएको छ।

चालु आर्थिक वर्षबाट जिल्ला प्रहरी कार्यालय जुम्लाले अनलाइन ठगी तथा बैंकिङ कसुरको सेवा सुरु गरेको छ। प्रहरीका अनुसार वर्ष २०८१/०८२ सालमा बैंकिङ कसुरको निवेदन संख्या २४ दर्ता भएका छन्। जसमध्ये १० वटा फछ्र्यौट भएका छन्।

त्यस्तै अनलाइन ठगीमा आर्थिक वर्ष ०८१/०८२ मा ३१ वटा निवेदन दर्ता भएका छन् भने जसमध्येबाट ४ वटा फछ्र्यौट भएको बैंकिङ कसुर, अनलाइन ठगी, साइवर अपराध मुद्दाका अनुसन्धान अधिकारी कृष्णबहादुर रोकायाले जानकारी दिए।

जिल्ला प्रहरी कार्यालयका अनुसार आर्थिक वर्ष २०८०/०८१ र २०८१/०८२ भदौसम्मको ठगीको प्रकृतिको तथ्यांकमा जम्मा ४१ वटा अनलाइन ठगी तथा बैंकिङ कसुरका घटना दर्ता भएका छन्। जसमा १० वटा फछ्र्यौट भइसकेका छन्।

प्रहरीका अनुसार जसअन्तर्गत पार्सल तथा डलर पठाइ कर बापतको रकम जम्मा गर्न लगाइ ठगी गरिएको ३ वटा ठगीमध्ये एउटा फछ्र्यौट भएको छ। जसमा ३ लाख ६० हजार रकम फिर्ता भएको छ। त्यस्तै बैंक खातामा अनाधिकृत पहुँच पुर्‍याइ रकम ठगी १६ वटा निवेदन रहेका थिए। जसमध्ये प्रहरीको सक्रियतामा ३ वटा फछ्र्यौट भएका छन्। जसमा ४० हजार फछ्र्यौट भएको छ। यसैगरी १२ जनालाई सामाजिक सञ्जालमा ठगी गरिएको मध्ये ३ जनाको फछ्र्यौट गरिएको छ।

जसमा दुई लाख ४४ हजार ३ सय ६६ रुपैयाँ पीडितलाई फिर्ता गर्न प्रहरी सफल भएको हो। यसैगरी चिट्ठा परेको भनि ४ वटा ठगी भएकोमा १ जनाको फछ्र्यौट भएको छ। जसअन्तर्गत २० हजार चार सय ५० रुपैयाँ फिर्ता भएको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी नायव उपरीक्षक रविनबाबु रेग्मीले बताए।

# रुपन्देही भगवानपुर-धकधई-खैरेनी सडक शिलान्यास

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
बुटवल, ३ जेठ

लुम्बिनी प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकालले सडक गुरुयोजना निर्माण गरी १२ जिल्लाका सडकहरु निर्माण भइरहेको बताएका छन्।

एसियाली विकास बैंक एडिबीको सहुलियतपूर्ण ऋणमा संचालित ग्रामीण सडक संजाल सुधार आयोजना ए.एफ.(आरसिआपिएफ) लुम्बिनी प्रदेशले निर्माण तथा स्तरोन्नती गर्न लागेको रुपन्देहीको भगवानपुर-धक्धई-खैरेनी सडक (खैरेनी शंकरपुर खण्ड) को शिल्यान्यास गर्दै मन्त्री ढकालले यस्तो बताएका हुन्। प्रदेशका मुख्य सडकलाई गुरुयोजनामा समावेश गरेर सोही अनुसार काम गर्ने गरी सरकार अघि बढेको बताउँदै उनले गुणस्तरीयता कमि हुन नदिने गरी काम गराउन कर्मचारीलाई निर्देशन दिएका हुन्।

स्थानीय सरकारले पनि स्थानीय




सडक गुरुयोजना निर्माण गरेर काम गर्नुपर्ने बताउँदै ढकालले विकास गाउँ पुगेसँगै गाउँबाट सहर झर्नेको संख्यामा कमी हुने विश्वास व्यक्त गरे। कार्यक्रममा भौतिक पूर्वाधार मन्त्रालयका सचिव भिमार्जुन पाण्डेले एशियाली विकास बैंक (एडिवि) को सहुलियतपूर्ण ऋणमा योजना अघि सारिएको जानकारी दिए।

कार्यक्रममा ग्रामीण सडक सुधार संजाल आयोजनाका प्रमुख नरेन्द्र खड्काले ५० करोडको आयोजना ३७ करोड ९ लाख ३३ हजार रुपैयाँमा बानियाँ निर्माण सेवा प्रा.लि हेटौंडाले ठेक्का सम्झौता गरेको जानकारी दिए।

सो ठेक्का दुई वर्षमा सम्पन्न गर्ने गरी २०८१ मंसिर १७ गते सम्झौता भएकोले २०८३ पुस ८ गतेभित्र सम्पन्न गर्ने आयोजनाको उद्देश्य रहेको खड्काको भनाइ छ। आयोजना प्रमुख खड्काका अनुसार सडकको लम्बाई १२.२८ किलोमिटर हुने र चौडाई १० मिटर हुनेछ। कार्यक्रममा लुम्बिनी प्रदेशका सदस्य आशिष कुमार चौधरीले गुणस्तरीय सडक तोकिएको मितिमा सम्पन्न गर्न निर्माण व्यवसायीलाई आग्रह गरे।

कार्यक्रममा देवदह नगरप्रमुख ध्रुवप्रसाद खरेल, नगर उपप्रमुख विद्यालक्ष्मी गुरुङ, प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद सापकोटा लगायतले सडकको काम गुणस्तरीय गुनासो नआउने गरी गराउन प्राविधिकहरुलाई आग्रह गरेका थिए। स्थानीयबासिको सहयोग र समन्वयमा ठेक्का सम्झौता भएको समय अगाडि नै सडक निर्माण सम्पन्न गर्ने बानियाँ निर्माण सेवाका इन्जिनियर सरोज चौधरीले बताए।

# शिक्षकहरूलाई प्रशिक्षक प्रशिक्षण तालिम

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ३ जेठ

बर्दियाको राजापुरमा आधारभूत र माध्यमिक तहका शिक्षकहरुलाई 'समावेशी शिक्षण सम्बन्धी पाँच दिने प्रशिक्षक प्रशिक्षण तालिम' सञ्चालन गरिएको छ।

गुड नेर्वस इन्टरनेशनल नेपाल/यूकेको प्राविधिक सहयोग, एजुकेशन अपरचुनिटी फाउण्डेशनको आर्थिक सहयोगमा तथा दिगो उद्यम तथा वातावरण विकास कार्यका लागि सचेतना केन्द्र (सेवक नेपाल) कैलालीको



आयोजनामा तालिम सञ्चालन गरिएको हो।

तालिममा समावेशी शिक्षा सम्बन्धी नीतिगत व्यवस्था, प्रारम्भिक पहिचान प्रक्रिया, वैयक्तिक शैक्षिक योजना निर्माण, समावेशी शिक्षण विधि, समावेशी शैक्षिक सामग्री निर्माण र प्रयोग, समावेशी विद्यार्थी मूल्यांकन, विद्यालयमा समावेशी सिकाइ वातावरण निर्माण लगायतका विषयवस्तुहरु सहजीकरण गरिएको गुड नेर्वस इन्टरनेशनल नेपालका कलस्टर संयोजक अरुण कुमार चौधरीले बताए। जेठ २ गतेसम्म संचालन भएको तालिममा मधुवन,राजापुर नगरपालिका र गेरुवा गाउँपालिकाका पन्ध्र विद्यालयका तीस जना शिक्षकहरुको सहभागिता थियो।

तालिम सीपमूलक र विद्यालय उपयोगी रहेको सहभागी शिक्षकहरुले बुझाइ छ। विद्यालयमा हुने शैक्षिक गतिविधिहरुलाई समावेशी नजरबाट हेर्न र अभ्यास गर्न अवसर प्रदान गरेको बताउँदै उनीहरुले भने 'तालिमले कक्षा शिक्षण गर्दा बहुमाध्यममा आधारित विधिहरु तथा बहुमाध्यमका सामग्रीहरु प्रयोग गर्न सिकाएको छ। जसले एउटै कक्षामा फरक-फरक क्षमता र अपाङ्गता भएका बालबालिकाहरुलाई पनि सजिलै सिकाउन सकिन्छ भन्ने सीप सिकाएको छ।'


## Makalu Rural Municipality
## Office of Rural Municipal Executive

**Num, Sankhuwasabha**
**Koshi Province, Nepal**

## INVITATION FOR BIDS

**Contract Identification No :- MRM/03/2081/82**
**First Date of Publication :- May 18, 2025**

1) Makalu Rural Municipality Office has allocated fund and invites electronic bids from Nepalese eligible bidders towards Makalu Rural Municipality Building Construction, under National Competitive Bidding - Single Stage Two Envelope Bidding procedures.

2) Eligible bidders to participate in the contract should have the following key qualifications.
   a) Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years :- NRs 74 Millions
   b) Minimum Work experience of similar size and nature :- At least one number with a value of at least NRs. 60 Millions that have been successfully or are substantially completed.
   c) Bid Capacity:-NRs 99 Millions
   d) Financial Resources:- NRs 21 Millions
   e) Construction Experiences in Key Activities :-
      i) Production rate per year Plain Cement Concrete (PCC) of grade M25 of approved quality in RCC works :- 400 Cum
      ii) TMT Fe 500 Steel Reinforcement works :- 62900 Kg

3) Bidder must submit their bid electronically from PPMO's Web Site www.bolpatra.gov.np./egp and should deposit the bid document fee (as mentioned in table below) in the Rajaswa Account no as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank.
   a) Name of The Bank :- Siddartha Bank Ltd , Makalu Branch, Sankhuwasabha
   b) Name of The Office :- Makalu Rural Municipality Office, Num, Sankhuwasabha
   c) Rajashwa Account No :- 2615389554 (For Bid Doc Fee)
   d) Dharauti Account No :- 2615135858 (For Bid Security)

4) Pre-bid meeting shall be held at Makalu Rural Municipality Office ,Num, Sankhuwasabha in following date and time :-
   a) Date :- June 02, 2025 b) Time:- 1:00 P.M.

5) Electronics bids must be submitted through PPMO's website www.bolpatra.gov.np/egp within the date and time (as mentioned in table below). Bids received after deadline will be rejected.

6) Technical bids will be opened in the presence of Bidder's representatives who choose to attend at date and time ( as mentioned in the table below ). Bid should be valid for a period of 120 days after bid Opening and must be accompanied by a bid security minimum of Rs ( as mentioned in table below) which shall be valid for 30 days beyond the validity period of the bid .

7) If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.

8) The description and other details about the work are as follows :-

| S. N. | Contract Id No | Description of work | Bid Doc Fee | Bid Security Amount | Bid Security Valid Up to Date | Last Date for Bid Purchase | Last Date & Time for Bid Submission | Technical Bid Opening Date &Time |
|---|---|---|---|---|---|---|---|---|
| 1 | MRM/03/ 2081/82 | Makalu Rural Municipality Administrative Building Construction | NRs 10,000.00 | NRs 31,50,000.00 | Friday,Nov 14, 2025 | June 16, 2025 | June 17, 2025 12:00 PM | June 17, 2025 1:00 PM |

9) The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



## नबिल बैंक लिमिटेड, भैंसीपाटी शाखा, ललितपुर धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी

**(प्रकाशित मितिः २०८२/०२/०४)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८१/०६/२२ को अभियान दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको पन्ध्र (१५) दिन (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखिशर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **भैंसीपाटी शाखा, ललितपुर** मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ। यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितो को सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

### तपसिल

#### ऋणी कम्पनीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७३/०२/११ मा प्रा.फ.र.नं.: १४९८७०/७२/०७३, अन्तर्गत दर्ता भएको **जल कन्स्ट्रक्सन प्रा.लि.।**
ठेगानाः ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं.२३, हरिसिद्धि।

#### ऋणी कम्पनीका संचालक तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. ईन्द्र लाल महर्जनको नाति, रत्न गोविन्द महर्जनको छोरा, ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २३ बस्ने, ना.प्र.नं. ४०७६२ (जारी मितिः २०६२/०९/१४, स्थान ललितपुर) भएका **राम गोविन्द महर्जन।**
२. कृष्ण दास खुसुकी छोरी ईन्द्र लाल महर्जनकी बुहारी रत्न गोविन्द महर्जनकी श्रीमती, ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २८ बस्ने, ना.प्र.नं.४०७६१ (जारी मितिः २०६२/०९/१४, स्थान ललितपुर) भएकी **कृष्ण मति महर्जन।**
३. वेखा राज महर्जनकी छोरी, रत्न गोविन्द महर्जनकी बुहारी, राम गोविन्द महर्जनकी श्रीमती, ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. १ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर म.न.पा. वडा नं. २८ बस्ने, ना.प्र.नं. २८३०२०/२६९ (जारी मितिः २०६३/१०/०९, स्थान ललितपुर) भएकी **लक्ष्मी महर्जन।**
४. राम लाल महर्जनको नाति इन्द्रलाल महर्जनको छोरा ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर न.पा. वडा नं. २८ बस्ने, ना.प्र.नं. ३२० (जारी मितिः २०३७/०४/३०, स्थान ललितपुर) भएका **रत्न गोविन्द महर्जन।**

#### धितोको विवरण

ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ३ स्थायी घर भई हाल ललितपुर जिल्ला ललितपुर न.पा. वडा नं. २८ बस्ने, **कृष्ण मति महर्जन**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको ललितपुर जिल्ला हरिसिद्धि गा.वि.स. वडा नं. ३ सिट नं. ३ गाँउमा अवस्थित कि.नं. १९६ क्षेत्रफल ०-३-३-१ रोपनी घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**सवारी साधन धितोको विवरणः**
१. ऋणी **जल कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. प्रदेश ३ ०१ ००३ क ४६९० भएको 1212LC Ecomet TP.
२. ऋणी **जल कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको भाडा सवारी साधन दर्ता नं. प्रदेश ३ ०१ ००३ क ७६२७ भएको Mahindra Loadking Pride BS3 Mini Tipper.

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**
१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **भैंसीपाटी शाखा, ललितपुर** को कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८२/०२/१८ गते ३:०० बजे भित्र यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **भैंसीपाटी शाखा, ललितपुर** मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०२/१९ गते ४:०० बजे बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा वा **भैंसीपाटी शाखा, ललितपुर** मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ३:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलाम गर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोल कबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसाग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/मेनेजर/बैंकर्स चेक वा बैंक जमानत समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलामसम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन।
११. लिलामबिक्री गरिने सम्पत्तिको बारेमा थपजानकारी आवश्यक परेमा यस बैंकको **कर्जा असुली विभाग, बिजुली बजार काठमाडौं** वा **भैंसीपाटी शाखा, ललितपुर** मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# रश्मिका र विजयको फेरि प्रेमको चर्चा



**काठमाडौं/मस-** अभिनेत्री रश्मिका मन्दना र विजय देवरकोन्डा लामो समयदेखि प्रेम सम्बन्धको हल्लाका कारण चर्चामा छन् । हालै, अभिनेत्रीले आफ्नो २९ औं जन्मदिन मनाएकी छिन् ।

रश्मिकाले ओमानमा आफ्नो जन्मदिन मनाउँदै गर्दाका केही तस्बिरहरू इन्स्टाग्राममा सेयर गरेकी छिन् । यसपछि, प्रयोगकर्ताहरूले कमेन्ट सेक्सनमा अभिनेत्रीलाई उनको कथित प्रेमी विजयको बारेमा धेरै प्रश्नहरू सोधेका छन् ।

रश्मिकाले आफ्नो इन्स्टाग्राममा ओमानका केही तस्बिरहरू सेयर गरेकी छिन् । पोस्टको क्याप्सनमा अभिनेत्रीले लेखेकी छिन् कि उनका फ्यानहरूको माया र शुभकामनाका कारण उनको जन्मदिन अझ विशेष बन्यो । यसका साथै रश्मिकाले आफ्ना फलोअर्सलाई धन्यवाद दिँदै उनीहरूलाई सबैभन्दा राम्रो भनेकी छिन् ।

रश्मिकाले पोस्ट सेयर गरेपछि, फ्यानहरूले उनलाई विजय देवरकोन्डाको बारेमा प्रश्नहरू सोधे । एक प्रयोगकर्ताले विजयलाई ट्याग गर्दै लेखे, 'के तपाईं विजय देवरकोन्डासँग हुनुहुन्छ?' केही मानिसहरूले अभिनेत्रीलाई सोधे कि उनका तस्बिरहरू विजयले खिचेका हुन् कि होइनन् ?

रश्मिका र विजय प्रायः सँगै देखिन्छन् । दुवै जना धेरै पटक डेटमा गएको देखिएको छ । जसका कारण दुवै जना सम्बन्धमा रहेको हल्ला चलिरहेको छ । यद्यपि, दुवैले अहिलेसम्म आधिकारिक रूपमा आफ्नो सम्बन्ध स्वीकार गरेका छैनन् । रश्मिका हालै सलमान खानसँग फिल्म सिकन्दरमा देखिएकी थिइन् । यो फिल्म मार्च ३० मा सिनेमाघरहरूमा रिलिज भएको थियो ।

# 'हेरा फेरी-३' बाट बाहिरिए 'बाबु राव'



**काठमाडौं/मस-**बलिउड फिल्म हेरा फेरी-३ बारे लगातार समाचारहरू सार्वजनिक भइरहेका छ । यसैबीच, यस पटक 'बाबु राव' उर्फ परेश रावल फिल्ममा देखिने छैनन् ।

निर्माता र परेशबिच केही रचनात्मक भिन्नता रहेको बताइएको छ, जसका कारण अभिनेताले फिल्म छोड्ने निर्णय गरेका छन् । रिपोर्ट अनुसार परेश आफैंले यसको पुष्टि गरेका छन् । यसअघि अक्षय कुमार सन् २०२२ मा फिल्मबाट पछि हटे पनि पछि उनी फिल्ममा फर्किएका थिए । त्यस्तै, परेश रावलले पनि पुनरागमन गर्न सक्ने उद्योग विज्ञहरू विश्वास गर्छन् ।

निर्देशक प्रियदर्शनले आफ्नो जन्मदिनमा फिल्म हेरा फेरी ३ को घोषणा गरेका थिए । आफ्नो एउटा पोस्टमा उनले परेश रावल, अक्षय कुमार र सुनील शेट्टीलाई ट्याग पनि गरेका थिए । यद्यपि, फिल्मको रिलिज मितिको बारेमा कुनै आधिकारिक बयान दिइएको छैन ।

अभिनेत्री तब्बुलाई पनि फिल्म हेरा फेरी ३ मा पनि देख्न सकिन्छ । अभिनेत्रीले सामाजिक सञ्जालमा एक पोस्ट सेयर गरेकी थिइन्, जसमा उनले उनी बिना कलाकारहरू अधुरो रहने बताएकी थिइन् ।

तब्बु 'हेरा फेरी' को पहिलो भागमा देखिएकी थिइन् । यसमा उनले सुनील शेट्टीकी प्रेमिकाको भूमिका निर्वाह गरेकी थिइन् । यो फिल्म सन् २००० मा रिलिज भएको थियो र प्रियदर्शनले निर्देशन गरेका थिए ।

यसपछि, यस फिल्मको दोस्रो भाग सन् २००६ मा आयो, जसलाई नीरज वोराले निर्देशन गरेका थिए । तर, यस फिल्ममा तब्बु देखिएनन् ।


**Invitation for Quotation**

**Dharan Sub Metropolitan City**
**Office of Municipal Executive**
**Date of publication:-2082-02-04**

1. ***Dharan Sub Metropolitan City*** invites Quotation from Nepalese eligible bidders for the **Construction of Himali Rinchen Gumba, Dharan-8**. The Estimated cost of the works is **NRS 8,52,002.72**( Excluding VAT and P.S).
2. The Last Date for Quotation submission is 2082-2-11 till office hours and opening date of bid is 2082-2-12, 10:30AM
3. Eligible bidders are requested to contact procurement section of Dharan Sub Metropolitan City for BOQ and further information.



**Sukhipur Municipality**
**Office of Municipal Executive**
**Sukhipur, Siraha**
**Madhesh Provience, Nepal**

**Invitation for Sealed Quotation**

**Sealed Quotation No: 3/Goods/SM/2081/82**
**Date of Publication :18-05-2025**

1. The Sukhipur Municipality invites sealed quotations from registered Suppliers for the supply And Delivery of Ready to Nutrition Food.
2. Eligible eligible Suppliers may obtain further information and inspect the Sealed quotation Forms at the office of Sukhipur Municipality, Siraha, 9852829111, sukhipurnagarpalika@gmail.com. OR [may visit PPMO website www.bolpatra.gov.np.]
3. If hard copy is allowed then a complete then a complete set of Bidding Documents may be purchased from the office Sukhipur Municipality Sukhipur, Siraha Siraha Siraha and the officeSukhipur Municipality Sukhipur, Siraha by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs.1000.0 till 02-06-2025 12:00 during office hours.
4. Bidder who chooses to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's e-GP i.e www.bopatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following account
   i. Name of the Bank :Agricultural Development Bank Ltd.
   ii. Name of Office :Sukhipur Municipality
   iii. Office Code no :801021608
   iv. Office Account No :1104401464043104
   v. Rajaswa (revenue) Shirshak No :
5. Sealed bids must be submitted to the office Sukhipur Municipality Sukhipur, Siraha Siraha Siraha by hand or through e-GP system i.e www.bopatra.gov.np/egp on or before 02-06-2025 12:00. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 02-06-2025 14:00 at the office of Sukhipur Municipality Sukhipur, Siraha Siraha, Siraha Madhesh Pradesh Nepal. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 65000 , which shall be valid for 30 days beyond the validity period of the bid (i.e. [Refer Clause ITB 20.1]).
7. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No.[1104401464043023] at [Agricultural Development Bank Ltd. , Sukhipur,Siraha] and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submissionThe Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.



**PRIME COMMERCIAL BANK LTD.**
प्राइम कमर्सियल बैंक लिमिटेड

को

## तपसिलका शाखा कार्यालयहरुको तपसिलमा उल्लेखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति २०८२/०२/०४ गते)

तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकको तपसिलका शाखा कार्यालयहरुबाट लिनु भएको कर्जाको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, साँवाको किस्ता, ब्याज र हर्जाना ब्याज रकम समेत नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियत उल्लंघन गर्नु भएकोले तपसिलका ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरु समेतलाई पटक-पटक मौखिक एवम् लिखित तरताकेता गर्दासमेत कर्जाको साँवा तथा सोमा लागेको ब्याज र हर्जाना ब्याज रकम बुझाउने तर्फ कुनै पहल नगरी बेवास्ता गरी बसेको हुनाले तपसिलमा उल्लेखित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो धनीका नाममा बाँकी रहेको ऋण कर्जा चुक्ता भुक्तानी गर्नु हुन यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखि आफूले लिएको कर्जा, कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र हर्जाना ब्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नु होला । अन्यथा ऋणी र बैंक बीच भए गरेका शर्त सम्झौता, नेपाल राष्ट्र बैंकबाट बैंकहरुलाई जारी एकीकृत निर्देशन, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ तथा प्रचलित नियम कानूनले दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा नाम समावेश गर्न लेखि पठाई ऋणको सुरक्षण स्वरुप बैंकलाई दिएको चल-अचल सम्पत्ति जहाँ, जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रबाट लिलाम बिक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारवाही गरिने व्यहोरा सूचित गरिन्छ । साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणीहरु र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानूनी प्रकृया अगाडि बढाईने ब्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

**केन्द्रिय कार्यालय: गौरीगञ्ज, झापा**

**१. ऋणीको विवरण**

नेपाल सरकार वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा मिति १२/१२/२०७५ मा दर्ता नं. ५८३/११८६५/१२/१२ कायम भई दर्ता भएको झापा जिल्ला, गौरीगञ्ज गा.पा. वडा नं. ३ स्थित **शिवशक्ती भाडा पसल** **प्रोप्राईटर: सत्य नारायण गिरी**

**२. ऋणीको विवरण**

प्रदेश सरकार, प्रदेश नं १, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुर, झापामा मिति १२/०६/२०७८ मा दर्ता नं. ५६८-१६६९९ कायम भई दर्ता भएको झापा जिल्ला, गौरीगञ्ज गा.पा. वडा नं. ३ स्थित **शिवशक्ती ट्रेडर्स** **प्रोप्राईटर: बुलबुल गिरी**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. धिरालाल गिरीको नाति, कृत्यान्द गिरीको छोरा, मोरङ जिल्ला, वरडंगा गा.वि.स./उ.म.न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **जनार्दन गिरी (ना.प्र.प.नं. ४१६६, मोरङ्ग)**
२. कृत्यान्द गिरीको बुहारी, जनार्दन गिरीको पत्नी, झापा जिल्ला, गौरीगंज गा.पा./न.पा. वडा नं. २ स्थित स्थायी ठेगाना भएको **भोठ सरी गीरी (ना.प्र.प.नं. ७२, झापा)**
३. कृत्यान्द गिरीको नाति, जनार्दन गिरीको छोरा, झापा जिल्ला, गौरीगंज गा.पा./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **सत्य नारायण गिरी (ना.प्र.प.नं. १७६२२, झापा)**
४. कृत्यान्द गिरीको नाति, जनार्दन गिरीको छोरा, झापा जिल्ला, गौरीगंज गा.पा./उ.म.न.पा. वडा नं. ५ स्थित स्थायी ठेगाना भएको **अनन्त प्रसाद गीरी (ना.प्र.प.नं. ०४३०५०/३६०, झापा)**
५. जनार्दन गिरीको बुहारी, सत्य नारायण गिरीको पत्नी, झापा जिल्ला, गौरिगंज गा.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **बुलबुल गिरी (ना.प्र.प.नं. ०४-०६-७८-००५१६, झापा)**
६. जनार्दन गिरीको बुहारी, अनन्त प्रसाद गीरीको पत्नी, झापा जिल्ला, गौरिगंज गा.पा. वडा नं. ३ स्थित स्थायी ठेगाना भएको **जया देवी गिरी (ना.प्र.प.नं. ०४-०६-७८-०२२९४,झापा)**

**नोट: माथि उल्लेखित दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।**

**शाखा कार्यालय: कपुरधारा, काठमाण्डौ**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय पोखरा, कास्कीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ मिति २०६३/०३/१४ मा दर्ता नं. ५२४०/०६२/०६३ कायम भई दर्ता भएको ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा नं. ३ स्थित **रिजाने निर्माण सेवा** **प्रोप्राइटर: राजमान महर्जन**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. लोकमान महर्जनको नाती, बुद्धिमान महर्जनको छोरा, ललितपुर जिल्ला ललितपुर गा.वि.स./उ.म.न.पा. वडा. नं. १९ स्थित स्थायी ठेगाना भएको **राजमान महर्जन (ना.प्र.प.नं.: २/४५०, ललितपुर)**
२. बुद्धिमान महर्जनको बुहारी, राजमान महर्जनको पत्नी, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा. नं. १९, स्थित स्थायी ठेगाना भएको **रिता श्रेष्ठ महर्जन (ना.प्र.प.नं.: ८९१६४, ललितपुर)**
३. बुद्धिमान महर्जनको नाति, राजमान महर्जनको छोरा, ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा. नं. १९ स्थित स्थायी ठेगाना भएको **रिजोन महर्जन (ना.प्र.प.नं.: २८-०१-७५-०३८५६, ललितपुर)**

**२. ऋणीको विवरण**

लोकमान महर्जनको नाती, बुद्धिमान महर्जनको छोरा, ललितपुर जिल्ला ललितपुर गा.वि.स./उ.म.न.पा. वडा. नं. १९ स्थित स्थायी ठेगाना भएको **र ाजमान महर्जन (ना.प्र.प.नं.: २/४५० ललितपुर)**

**व्यक्तिगत जमानतकर्ताहरुको विवरण**

१. बुद्धिमान महर्जनको बुहारी, राजमान महर्जनको पत्नी, ललितपुर जिल्ला, ललितपुर उ.म.न.पा. वडा. नं. १९, स्थित स्थायी ठेगाना भएको **रिता श्रेष्ठ महर्जन (ना.प्र.प.नं.: ८९१६४, ललितपुर)**
२. बुद्धिमान महर्जनको नाति, राजमान महर्जनको छोरा, ललितपुर जिल्ला ललितपुर उ.म.न.पा. वडा. नं. १९ स्थित स्थायी ठेगाना भएको **रिजोन महर्जन (ना.प्र.प.नं.: २८-०१-७५-०३८५६, ललितपुर)**
३. बुद्धिमान महर्जनको नातिनी, राजमान महर्जनको छोरी, ललितपुर जिल्ला, ललितपुर म.न.पा. वडा. नं. १९ स्थित स्थायी ठेगाना भएको **मिष्ठी महर्जन (ना.प्र.प.नं.: २८-०१-७७-०३९९३२, ललितपुर)**

**शाखा कार्यालय: गंजभवानीपुर ,बारा**

**१. ऋणीको विवरण**

दुर्गा साह कलवारको नाति, बावुलाल प्रसाद कलवारको छोरा, बारा जिल्ला, बघवन गा.वि.स/न.पा. वडा नं. ७ स्थित स्थायी ठेगाना भएको **नितेश कुमार जयसवाल (ना.प्र.प.नं. ३३१०६३/६१५६, बारा)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

बावुलाल प्रसाद कलवारको बुहारी, नितेश कुमार जयसवालको पत्नी, बारा जिल्ला, कलैया उ.म.न.पा. वडा नं. १४ स्थित स्थायी ठेगाना भएको **सुनिता चौधरी (ना.प्र.प.नं. ३३-०१-७४-०९२९९, बारा)**

**२. ऋणीको विवरण**

नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभागमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०७४/०५/१४ मा दर्ता नं. ५६८६/०७४/७५ कायम भई दर्ता भएको बारा जिल्ला, महागढीमाई न.पा. वडा नं. १० स्थित **श्याम ट्रेडर्स** **प्रोप्राईटर: राम विनय प्रसाद तेली**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. जादोलाल साह तेलीको नाति, लालबाबु प्रसाद तेलीको छोरा, बारा जिल्ला, गंजभवानीपुर गा.वि.स. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **राम विनय प्रसाद तेली (ना.प्र.प.नं. १६८६/२२८१/२८५५३, बारा)**
२. लालबाबु प्रसाद तेलीको बुहारी, राम विनय प्रसाद तेलीको पत्नी, बारा जिल्ला, गंजभवानीपुर गा.वि.स/न.पा. वडा नं. १ स्थित स्थायी ठेगाना भएको **भानुमति कुमारी (ना.प्र.प.नं. ३३१०३३/७४४९, बारा)**

**शाखा कार्यालय: हेटौंडा, मकवानपुर**

**१. ऋणीको विवरण**

नेपाल सरकार, उद्योग मन्त्रालय घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुर, हेटौंडामा प्राईभेप फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति: २०६५/०२/०५ मा दर्ता नं १४९२/२७५/२०६४/२०६५ कायम भई दर्ता भएको मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा न. १० स्थित **मां पाथिभरा तरकारी सप्लायर्स** **प्रोप्राइटर: राम पुकार साह**

**२. ऋणीको विवरण**

भनु साहको नाति, मनु साहको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **राम पुकार साह (ना.प्र.प.नं. ३६/२५०७५, मकवानपुर)**

**व्यक्तिगत जमानतकर्ताको विवरण**

१. भनु साहको नाति, मनु साहको छोरा, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **राम पुकार साह (ना.प्र.प.नं. ३६/२५०७५, मकवानपुर)**
२. मनु साहको बुहारी, राम पुकार साहको पत्नी, मकवानपुर जिल्ला, हेटौडा न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **धनमती देवी साह (ना.प्र.प.नं. ३१-०१-७१-०३००५, मकवानपुर)**
३. मनु साहको नाति, राम पुकार साहको छोरा, मकवानपुर जिल्ला, हेटौडा उ.म.न.पा. वडा नं. १० स्थित स्थायी ठेगाना भएको **रंजित साह (ना.प्र.प.नं. ३१-०१-७८-००९११, मकवानपुर)**

**नोट: माथि उल्लेखित शाखा कार्यालय हेटौंडा, मकवानपुरको दुबै ऋणीहरुको लागि व्यक्तिगत जमानतकर्ताहरुको विवरण एकै भएको ।**

# थाइल्यान्डसँग खेल्न राष्ट्रिय महिला टोलीको घोषणा




**काठमाडौं/मस–**थाइल्यान्डसँग मैत्रीपूर्ण खेलका लागि राष्ट्रिय महिला टोलीको घोषणा भएको छ । अखिल नेपाल फुटबल संघ (एन्फा)ले ३१ सदस्यीय टोलीको घोषणा गरेको हो ।

मुख्य प्रशिक्षक राजेन्द्र तामाङले थाइल्यान्डसँग मैत्रीपूर्ण खेलका निम्ति ३१ सदस्य रहेको टोली घोषणा गरेका हुन् ।

